मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ • अंक २४९ • २०८० साल साउन ०४ गते बिहीबार • Thursday 20, July 2023 • सूर्योदय: बिहान ५:२३ बजे • सूर्यास्त: साँझ ७:०० बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# दुवै भन्सार राजस्व संकलन लक्ष्यमा असफल

> *वीरगंज भन्सार कार्यालयले भन्सार विभागबाट २ खर्ब ६० अर्ब ९७ करोड २ लाख ८ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य पाएकोमा १ खर्ब ५७ अर्ब ८ करोड रुपैयाँ अर्थात् ६०.२० प्रतिशत मात्र राजस्व संकलन गरेको छ ।*
> ***डिलाराम पन्थी,***
> *प्रमुख भन्सार प्रशासक, वीरगंज भन्सार*

> *सुक्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार विभागबाट ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य पाएको थियो । लक्ष्यको ६२.८८ प्रतिशत अर्थात ४२ अर्ब ४० करोड २२ लाख ९२ हजार रुपैयाँ मात्र राजस्व संकलन गर्न सकेको छ ।*
> ***रामप्रसाद मैनाली***
> *प्रमुख, सुक्खा बन्दरगाह भन्सार कार्यालय*






**हरिशंकर शर्मा**
**वीरगंज ।**
वीरगंजस्थित भन्सार कार्यालय एवम् सुक्खा बन्दरगाह भन्सार कार्यालय गत आर्थिक वर्षमा राजस्व संकलन लक्ष्य पूरा गर्न असफल भएका छन् । नेपाल भारत मुख्य प्रवेशद्वार एवम् मुलुकमा आयात निर्यातको ७० प्रतिशत भन्दा बढी कारोबार हुने वीरगंज भन्सार एवम् सिर्सिया सुक्खा बन्दरगाह भन्सारले पाएको लक्ष्य पूरा गर्न नसकेको हो । वीरगंज भन्सार कार्यालय र सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले आर्थिक वर्ष २०७९/८० मा पाएको लक्ष्यको ६० प्रतिशत मात्रै राजस्व संकलन गरेका छन् ।
आर्थिक वर्ष २०७९/८० मा वीरगंज भन्सार कार्यालयले भन्सार विभागबाट २ खर्ब ६० अर्ब ९७ करोड २ लाख ८ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य पाएकोमा १ खर्ब ५७ अर्ब ८ करोड रुपैयाँ मात्र राजस्व संकलन गरेको छ । यो लक्ष्यको ६०.२० प्रतिशत मात्रै रहेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । त्यस्तै, सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले पनि आर्थिक २०७९/८० मा आफ्नो लक्ष्य भेटाउन सकेन । लक्ष्यको ६२.८८ प्रतिशत मात्रै राजस्व संकलन गर्न सफल भएको छ ।
सुक्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार विभागबाट ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य पाएको थियो । लक्ष्यको ६२.८८ प्रतिशत अर्थात ४२ अर्ब ४० करोड २२ लाख ९२ हजार रुपैयाँ मात्र राजस्व संकलन गर्न सकेको सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख रामप्रसाद मैनालीले बताए ।
जबकि गतवर्ष २०७८/७९ मा वीरगंज भन्सार कार्यालयले लक्ष्य भन्दा बढी राजस्व संकलन गर्न सफल भएका थिए । वीरगंज भन्सार कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा प्राप्त लक्ष्य भन्दा शुन्य दशमलव ५४ प्रतिशत बढी राजस्व संकलन गर्न सफल भएको थियो । भन्सार विभागले २ खर्ब ३ अर्ब २ करोड ५० लाख ३७ हजार रुपैयाँ राजस्व संलकनको लक्ष्य दिएकोमा वीरगंज भन्सारले २ खर्ब ४ अर्ब १२ करोड ३ लाख ५९ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो ।
जुन भन्सार विभागले दिएको लक्ष्य भन्दा १ अर्ब ९ करोड ५३ लाख २२ हजार रुपैयाँ बढी राजस्व संकलन थियो ।
त्यसैगरी, सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा पनि आफ्नो लक्ष्य भेटाउन सकेको थिएन । भन्सार विभागबाट पाएको लक्ष्य भन्दा करिब ५ प्रतिशत कम अर्थात लक्ष्यको ९४.९८ प्रतिशतमात्रै राजस्व संकलन गरेको थियो । भन्सार विभागबाट ५२ अर्ब ४ करोड ९९ लाख ११ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य पाएकोमा सुक्खा बन्दरगाह भन्सार कार्यालयले ४९ अर्ब ४३ करोड ६५ लाख ४४ हजार रुपैयाँ मात्रै राजस्व संकलन गरेको थियो ।
आर्थिक वर्ष २०७९/८० मा राजस्व संकलनको लक्ष्य पूरा गर्न नसक्नुको प्रमुख कारण विश्वव्यापी आर्थिक मन्दी भएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक पन्थीले जानकारी दिए । उनका अनुसार, विश्वव्यापी आर्थिक मन्दीका साथै बढी राजस्व संकलन हुने पेट्रोलियम पदार्थ, नयाँ सवारी साधन र औद्योगिक कच्चा पदार्थ आयातमा कमी आएका कारण पनि राजस्व संकलनको लक्ष्य प्रभावित भएको थियो ।
विश्वव्यापी आर्थिक मन्दीका कारण आयातमा ह्वात्तै कमी आउनुको साथै इन्धन, नयाँ सवारी साधन र औद्योगिक कच्चा पदार्थको आयातमा कमी आएपछि वीरगंज भन्सार कार्यालयले राजस्व संकलन लक्ष्य भेटाउन नसकेको हो ।
यस्तै, सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख रामप्रसाद मैनालीले विश्वव्यापी आर्थिक मन्दीका कारण नै राजस्व असुली प्रभावित भएको बताए । उनले केही महिना विलासिता वस्तुको आयातमा प्रतिबन्ध लागेका कारण पनि राजस्व संकलनमा असर परेको बताए । उनका अनुसार, आर्थिक मन्दीले बजार चलायनमान नहुदाँ मालवस्तु आयातमा कमी आउनु र नेपाल सरकारले केही महिनासम्म विलासिताका बस्तुको आयातमा प्रतिबन्ध लगाएका कारण राजस्व असुली प्रभावित भएको बताए ।

# "मधेश सरकार मधेशी जनताका लागि लज्जास्पद देखिन्छ"



> *मूलतः निजामती ऐन, संघीय प्रहरी ऐन जस्ता ऐनहरु बनाउनु पर्थ्यो । त्यो बन्न सकेको छैन । संविधानमा उल्लेख भएका कतिपय अधिकारहरु तल हस्तान्तरण हुनुपर्थ्यो, त्यो पनि हस्तान्तरण हुन सकिरहेको छैन । त्यो कारणले पनि कतिपय समस्याहरु काममै रहेका छन् ।*
> *'मधेश सरकारका मुख्यमन्त्री, मन्त्री र नेतासम्मले राष्ट्रपति, प्रधानमन्त्री बन्ने लक्ष्य राखेर काम गर्नुस्'*

**योगेश भट्टराई:** सचिव/मधेश इन्चार्ज, नेकपा एमाले

पार्टीभित्र अन्तरसंघर्षमा पिल्सिएका युवा नेता योगेश भट्टराई मधेश प्रदेशको अहम जिम्मेवारीसहित नेकपा एमालेको अभियानमा लामवद्ध छन् । विद्यार्थी राजनीतिबाट उदीयमान युवा नेता, कुशल नेतृत्वका रुपमा सुपरिचित नेकपा एमालेका सचिव भट्टराईलाई एमालेको बैठकबाट मधेश प्रदेशको इन्चार्जको जिम्मेवारी दिइएपछि उनी एक महिनादेखि मधेशका जिल्ला मुकाम पुगेर बैठकदेखि विभिन्न किसिमका राजनीतिक क्रियाकलाप र भेटघाटमा व्यस्त छन् । मधेश प्रदेशमा एमालेलाई एक नम्बर पार्टी मात्र नभई बहुमतसहितको पार्टी बनाउन लागिपरेका छन् । उनले एक महिनाका अवधिमा मधेशलाई नजिकैबाट घुमेर-नियालेर-चिनेर यहाँका विभिन्न समस्या र समाधानका उपायबारे गन्थनमन्थन गरेका छन् । यही सेरोफेरोमा रहेर मधेशदृष्टिका *किरण कर्ण*सँग नेकपा एमालेका सचिव तथा मधेश प्रदेश इन्चार्ज योगेश भट्टराईले कुराकानी गरेका छन् ।
............

**वर्तमान राजनीतिक अवस्थालाई कसरी नियालिरहनु भएको छ ?**
अहिलेको राजनीतिक अवस्था मूलतः संसदीय निर्वाचन पछाडिको अवस्था हो । सबैलाई थाहा छ कि संसदीय निर्वाचनमा कुनै पनि पार्टीको एकल बहुमत मत प्राप्त भएको छैन । तर नेकपा एमाले लोकप्रिय मतमा पहिलो छ । सिट संख्यामा प्रतिनिधिसभामा दोस्रो छ । र, यो मूलतः निर्वाचनको बेला नेकपा एमालेविरुद्ध गठबन्धन, राज्यशक्तिको दुरुपयोग र नेकपा एमालेको विजयलाई छेक्न गरिएका अनेक षड्यन्त्रका कारण एमालेले भने जति सिट प्राप्त गर्न सकेन । यद्यपि हाम्रो पार्टी विभाजित थियो । हामीमाथि चौतर्फी घेराबन्दी थियो । त्यस्तो अवस्थामा पनि हामीले जुन सफलता प्राप्त गर्‍यौं । त्यो उल्लेख्य छ । नेकपा एमालेले नयाँ म्यानडेटअनुसार प्रतिनिधिसभाबाट नयाँ खालको सरकार बनाउने कोशिश गर्‍यो । जतिबेला कांग्रेस माओवादीको गठबन्धन टुटेको थियो । हामीसँग गठबन्धनका निम्ति माओवादी अध्यक्ष प्रचण्ड आएपछि हामीले सहयोग गरेका हौं । तर त्यो गठबन्धन बनाउँदा जुन शर्त र सहमतिहरु एकआपसमा गरेका थियौं । छोटो समयमै पुष्पकमल दाहाल प्रचण्डले त्यो सहमति तोड्नु भयो । तोडेपछि फेरि पनि पुरानै गठबन्धनको सरकार बन्यो र यो सरकार बनेपछि कुनै उल्लेख्य काम भएका छैनन् । मुलुकमा विकास निर्माणले गति लिएको छैन । सुशासन कमजोर अवस्थामा छ । मुलुकको अन्तर्राष्ट्रिय छवि अत्यन्तै कमजोर छ । अन्तर्राष्ट्रिय शक्तिहरुले नेपालमाथि दबाब बढाएका छन् । यस्तो अवस्थामा देशमा एउटा बलियो सामर्थ्य भएको शक्ति आवश्यक छ भन्ने महसुस भएको छ । र, आजको दिनमा यी तमाम समस्याबाट मुलुकलाई सही दिशा दिन नेकपा एमालेले मात्र दिन सक्छ भन्ने कुरा स्पष्ट छ । त्यसकारण अहिले हामी र हाम्रो देशभर नै पार्टी संगठन सुदृढिकरण अभियानअन्तर्गत राष्ट्रिय शक्तिलाई बलियो बनाउने अभियान र नेकपा एमालेलाई राष्ट्रिय सामर्थ्ययोग्य बनाउने अभियानमा हामी लागेका छौं । चुनावबाट जुन निकास दिनुपर्ने थियो । त्यो दिन सकेन । जसले गर्दा मुलुक एउटा राजनीतिक अस्थिरताबाट मुलुक गुज्रिरहेको छ ।

**अहिले नेकपा एमालेले संगठन सुदृढिकरण अभियान चलाएको छ । देशव्यापीरुपमै पचास प्रतिशत कार्यकर्ता घटेको कुरा सार्वजनिक भएको छ । र, सबैभन्दा बढी मधेश प्रदेशमै घटेको तथ्यांकसमेत सार्वजनिक भएको छ । एमालेको लोकप्रियता कमजोर हुनुको कारण तपाईंलाई के लाग्छ ?**

समाचारहरु केही पत्रपत्रिकामा आएको देखें । समाचारमा सत्यता छैन । समाचार लेख्दा स्रोत खोल्नुपर्ने हुन्छ । कहाँबाट र कसले तथ्यांक दिएको हो, त्यो पनि पुष्टि नगरिकनै समाचार प्रकाशित गरिएको छ । त्यसैले समाचारको स्रोत नै विश्वसनीय छैन । पहिलो कुरा हाम्रो पार्टीले सामान्यतया पार्टी सदस्यता नवीकरण वर्षैपिच्छे गर्छ । तर मूलरुपमा पाँचवर्षमा एकपटक गर्थ्यो । जतिबेला महाधिवेशन आयोजना हुन्थ्यो । महाधिवेशनहरुका कारण पनि नवीकरण हुन्थ्यो भने नयाँ सदस्यता पनि बढ्थ्यो । अहिले हामीले प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नुपर्छ भन्ने अभ्यास अगाडि बढाउँदै छौं । महाधिवेशनको

*बाँकी पृष्ठ २ मा*

# लम्पी स्किनबारे जानकारी गराउँदा मेयरद्वारा गाली

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको पशुचौपायामा लम्पी स्किन रोगको संक्रमण देखा परेको छ । सुरुमा फाट्टफुट्ट देखिएको लम्पी स्किनको संक्रमण देखापरेकै लगत्तै उपचारका निम्ति स्थानीय तहलाई गुहार लगाउँदा बेवास्ता गरेको पाइएको छ ।
मिथिला बिहारी नगरपालिकामा आयुष पशुपालन फार्ममा रहेको पशुचौपायामध्ये एक गाईमा लम्पी स्किनको संक्रमण देखनासाथ जानकारी गराउन पुगेका स्थानीय किसान रामनरेश यादवलाई मेयर राजेन्द्र प्रसाद यादवले झपारेर पठाइदिएको आरोप लगाए ।
पशुचौपायामा लम्पी स्किन संक्रमण देखा परेको भन्दै रोकथाम तथा उपचारका लागि सहयोग माग्न पुगेका किसान यादवलाई मिथिला बिहारी नगरपालिकाका मेयर यादवले दुध खाने तपाईं, अनि नगरपालिकाले किन केही हेर्ने भन्दै झपारेरका हुन् । मेयर यादवले आफ्नो पालिका अन्तर्गतका पशुचौपायामा लाग्ने रोगबारे जथाभावी बोलेर झपारेपछि किसान यादवले स्थानीय बजारबाट १२




हजार रुपैयाँमा भ्याक्सिन खरिद गरी गाईलाई उपचार गराएको बताए ।उनले केही महिनादेखि फार्ममा रहेको पशुचौपायाको जीवन विमा गराउन खोज्दा जीवन विमा कम्पनीले बेवास्ता गरेको बताए । किसानले पालेका पशुचौपायामा रोगका लक्षण देखा परेपछि परीक्षण गर्दा लम्पी स्किन भएको प्रमाणित भएपछि उनले निजीस्तरमै उपचार गरेको बताए ।
धनुषामा पहिलोपटक मिथिला बिहारी नगरपालिकामा संक्रमण देखिएसँगै अन्यत्र गाउँघरमा समेत यो रोग देखा परे पनि उपचारमा बेवास्ता भइरहेको पाइएको छ ।
यता पशु सेवा कार्यालय, स्थानीय तहले समेत यस्तो किसिमको गम्भीर रोग देखा परे पनि बेवास्ता गर्नु लापरबाहीको नमुना रहेको स्थानीय किसन मण्डलले बताए ।
पशुचौपायामा लम्पी स्किन देखा परेपछि किसान चिन्तित भएका छन् । झिंगा, लामखुट्टे र किर्नाले टोके वा दानापानी, चरण क्षेत्र र पशुको आपसमा संसर्गका माध्यमबाट यो रोग फैलिने भएकाले सचेत रहन पशु चिकित्सक सल्लाह छ ।यस रोगले पशुका खुट्टाका जोर्नी फुल्ने, ज्वरो आउने, शरीरको छालामा फोका उठ्ने, ¥याल र सिंगान काँड्ने, गर्भिणी पशु तुहिने, बाँझोपनको समस्या र दुहुनो गाईले दूध कम दिने समस्या देखा पर्ने गरेको पशु सेवा कार्यालय जनकपुरले जनाएको छ । धनुषामा कति पशुचौपायालाई रोग संक्रमण फैलिएको छ । यसबारे तथ्यांक नरहेको कार्यालयले जनाएको छ ।
लम्पी भाइरल रोग नेपालमा २०७७ सालमा मोरङबाट फैलिएको हो । अहिले मुलुकको अधिकांश जिल्लामा यो रोग देखा पर्न थालेको छ । यो रोग नियन्त्रण गर्न किसानले भुसुना, किरा र लामखुट्टे नियन्त्रणका लागि गोठको सरसफाइ, भकारो (पर्सो) व्यवस्थापन र चरण क्षेत्रकोसमेत ख्याल गर्नुपर्ने विज्ञहरुको भनाइ छ ।

# प्रादेशिक संरचना खारेज गर्न सभापतिको सुझाव



**सञ्जय मिश्रा**
**रौतहट ।**
नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्णप्रसाद यादवले प्रादेशिक संरचना खारेज गर्न पार्टी नेतृत्वलाई सुझाव दिएका छन् ।
बुधबार काठमाडौंस्थित कांग्रेस पार्टीको प्रदेश सभापतिको बैठकमा उनले प्रादेशिक संरचना खारेज गर्न सुझाव दिएका हुन् । 'प्रदेश पदाधिकारीको पार्टीभित्र केही नचल्ने भए किन चाहियो प्रादेशिक संरचना प्रदेश खारेज गरियोस्,' यादवले भने, 'आफूहरूलाई बाइसाप गरेर अघि बढ्ने भए प्रदेश संरचना खारेज गर्न उचित हुनेछ ।'
यादवसँगै अन्य प्रदेशका सभापतिहरुले एक स्वरमा यही सुझाव दिएका थिए । पार्टी मुख्यालय सानेपामा जारी केन्द्रीय समितिको बैठकमा धारणा राख्ने क्रममा मधेश प्रदेश सभापति यादवले प्रदेश संरचनालाई पार्टीले हेपाह्ा प्रवृति अपनाएको भन्दै आक्रोश व्यक्त गरे ।
जिल्लाको नेतृत्व गरेकै थियौँ, फेरि गरौँला । प्रदेश कायम हुन्छ भने प्रदेशलाई अधिकार दिइनुपर्छ, केन्द्रबाटै प्रदेशमाथि शासन गर्ने हो होइन भनेर सभापती यादवले प्रतिवादसमेत गरेका थिए । बैठकमा अन्य प्रदेश सभापतिहरुले केन्द्रका नेता प्रदेशमा जाँदा जानकारी नहुने बताए । केन्द्रबाट जिल्लादेखि पालिकासम्म सिधा सम्पर्क हुँदा प्रदेशमा औचित्य घटिरहेको गुनासो गर्दै केन्द्रबाट शासन गर्ने परिपाटी बन्द गर्न प्रदेश सभापतिहरुको माग थियो ।

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
मिथिला टेक्निकल एकेडमी प्रा. लि. र आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।
फारम वितरण :-
मितिः २०८०।०३।२९ देखि २०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०४।२४ गते बिहान ८ बजे
कार्यक्रम :-
१) सामान्य चिकित्सा (H.A.) - ३ वर्ष
२) स्टाफ नर्स (Staff Nurse) - ३ वर्ष
३) सि.एम.एल.टी. (CMLT) - ३ वर्ष
४) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
५) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
मिथिला टेक्निकल एकेडमी प्रा. लि.
आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टि, जनकपुरधाम-४
सम्पर्क नं.-९८४४०९९९२५, ९८४४०२०८८८ र ९८००८४३०१३, ०४१-५२८०३२

# मधेश सरकार मधेशी जनताकालागि लज्जास्पद......



अवस्थामा जसरी तिव्र ढंगले सदस्यता नवीकरण हुन्छ, विस्तार हुन्छ र नयाँ सदस्यता थपिन्छ। त्यो अरुबेला खासै चासोको विषय बन्दैन। अरु पार्टीमा पनि त्यही हो। तर अहिले हाम्रो सदस्यता नवीकरण समग्ररुपमा ८० प्रतिशत भएको छ।

मधेश प्रदेशमा विगतमा हामीसँग करिब ८० हजार पार्टी सदस्यता थियो। आजसम्मको तथ्यांक हेर्दा करिब ५० हजार नवीकरण भएको छ। त्यो संख्या भन्दा पचास प्रतिशत भन्दा निकै बढी हो। झण्डै ८० प्रतिशत हो। झण्डै ३५ हजार जति नयाँ सदस्यताका आवेदन पनि आएको छ। पुरानो नवीकरण पनि गर्दैछौँ। समय अझै सिद्धिएको छैन। पुरानो नवीकरण हुने क्रम जारी नै छ। यसरी नियाल्दा मधेश प्रदेशमा मात्रै हामी एक लाख भन्दा बढी एमालेको सदस्यता छ। र, बढ्ने क्रम पनि जारी रहेको छ। नयाँ र पुरानो गर्दा एक लाख भन्दा बढी कार्यकर्ता पुग्छ। पार्टी संगठन सुदृढिकरण अभियानअन्तर्गत मधेश प्रदेशको अधिवेशन असोज ५ र ६ गते गर्दैछौँ।

मधेश प्रदेशको महोत्तरी, रौतहट र पर्सा जिल्लालाई प्राथमिकिरण गर्दै असोज मसान्तसम्ममा तीन वटै जिल्लामा जिल्ला अधिवेशन गरिने भएको छ भने अन्य पाँच जिल्लामा पुस मसान्तसम्ममा जिल्ला अधिवेशन गर्दैछौँ। त्यसपछि मंसिर पुसमा बाकी रहेको अन्य पाँच जिल्लाको अधिवेशन गर्छौं। त्यसपछि माघ फागुनमा पालिकास्तरीय अधिवेशन गर्छौं भने चैत मसान्तसम्ममा स्थानीय तहदेखि वडा एवम् टोलसम्ममा अधिवेशन गर्ने कार्ययोजना छ। एउटा पालिकामा ९ वटा वडा कमिटी हुन्छ।

मधेश प्रदेशमा प्रति टोलमा १५ जना संगठित गर्ने लक्ष्य राखेका छौँ। यसरी हेर्दा मधेश प्रदेशको १ हजार २ सय वडामा कुल १ लाख ८० हजार सक्रिय सदस्य हुन्छन् र १४ हजार टोल कमिटी पनि रहन्छ। यसरी हाम्रो सदस्य संख्या बढ्दै जाने हो। विगतको प्रतिनिधिसभा निर्वाचनमा साढे ३ लाख समानुपातिक मत मधेश प्रदेशमा प्राप्त गर्‍यौँ। प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष तर्फको निर्वाचनमा १० वटा सिट प्राप्त गर्‍यौँ। र प्रदेशसभामा समानुपातिक र प्रत्यक्ष गरी २४ वटा सिट प्राप्त गर्‍यौँ। सिट संख्याका हिसाबले मधेश प्रदेशमा हामी पहिलो पार्टी हौँ। समानुपातिक मतको हिसाबले हामी दोस्रो पार्टी हौँ। कांग्रेससँगको पचास हजारको मत भार संख्या फरक छ। अब २०८४ मा हामी सारा संगठन निर्माण गरिसकेपछि हाम्रो लक्ष्य मधेशमा सात लाख मत समानुपातिकमा प्राप्त गर्नु रहेको छ। त्यसकारणले कुनैबेला हामीलाई मधेशमा २०६५ देखि २०७५ सालसम्म झण्डै १० वर्षसम्म निकै कठिन समय थियो। अब त्यस्तो छैन। एमालेविरुद्ध फैलाइएको भ्रम आम मधेशीले बुझिसकेका छन्। मधेशमा बस्ने खास मधेशी समुदाय होस्, मधेशमा बस्ने पहाडी समुदाय होस्, मधेशमा बस्ने दलित समुदाय होस्, मधेशमा बस्ने मुस्लिम समुदाय होस्, मधेशमा बस्ने थारु समुदाय होस् अथवा मधेशमा बस्ने अन्य कुनै पनि समुदाय होस् यी सबै समुदायसँग एमालेको सम्बन्ध नवीकृत भएको छ। र यो सम्बन्धको आधारमो हामी २०८४ सालमा सात लाख भन्दा बढी समानुपातिक मत प्राप्त गर्ने गरी अगाडि बढ्छौँ।

**नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर बनेको नेकपा र त्यसपछि नेकपाबाट पुनः व्युँतिएर एमाले र माओवादी आयो। आखिरमा किन फुट्यो र यससँगै नेकपा मत परिणाम आएपछि पुनः एमाले र माओवादीबीच केही समय सत्तागठबन्धन पनि बन्यो, तर लामो समयसम्म यी दुई दल गठबन्धन बनाएर पनि किन टिक्न सकेन ?**

हामीले तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर नेकपा गठन गर्‍यौँ। त्यो ऐतिहासिक कदम थियो, त्यो ठीक थियो। त्यो एकता हामीले विभिन्न कारणले टिकाउन सकेनौँ। त्यसमा मूलतः हाम्रो आन्तरिक कारणहरु हुन्। पार्टीभित्र विश्वासको वातावरण बन्न सकेन। नेताहरुबीच महत्वाकांक्षा बढ्दै गयो। त्यसको व्यवस्थापन हामीले ठीक ढंगले गर्न सकेनौँ। र देशभित्रका अरु कतिपय शक्तिले र अन्तर्राष्ट्रिय शक्तिले पनि नेकपालाई विभाजन गर्न भूमिका खेले। यी कारणले गर्दा नेकपा टिक्न सकेन। हामीले टिकाउन सकेनौँ। तर पनि यो देशमा एउटै कम्युनिष्ट पार्टी बनाउनु पर्छ भन्ने उद्देश्य र लक्ष्यबाट हामी विचलित भएका छैनौँ।

अबको सन्दर्भमा नेकपा एमालेको नेतृत्वमा एमालेको नीतिमा एमालेको पहलकदमीमा देशमा एउटै कम्युनिष्ट पार्टी बनाउछौँ। त्यसमा दुई वटा प्रक्रियाबाट हामी जान्छौँ। पहिलो प्रक्रिया विभिन्न पार्टीमा भएका योग्य, सक्षम, इमान्दार, पार्टीपंक्तिलाई कार्यकर्तालाई एमालेमा आवद्ध गर्छौं। त्यो प्रक्रियाबाट जान्छौँ। र, अर्को कतिपय पार्टीसँग पार्टीगत एकता पनि गर्छौं। तत्काल पार्टी एकताको सम्भावना बनिसकेको छैन। तर एकता सम्भावना आउने दिनमा बन्नेछ। अहिलेको अवस्थामा हामी चाहे माओवादीबाट होस्, चाहे एकीकृत समाजवादीबाट होस्, त्यहाँभित्रका योग्य नेता पार्टी कार्यकर्तालाई हामी पार्टीमा आवद्ध गर्दै एउटै पार्टी बनाउने अभियानमा निरन्तर अघि बढाउने छौँ।

पछिल्लो चरणमा एमाले-माओवादीको सत्ता समीकरण किन भत्कियो ?
त्यसमा अब हामीले कामरेड प्रचण्डले भनेको कुरामा विश्वास गर्‍यौँ। समर्थन गर्‍यौँ। जे कुरामा सहमति भएको थियो। सोकुरा उहाँबाट पालना भएन। र, समीकरण उहाँ आफैँले भत्काउनु भयो। त्यसमा एमालेको कुनै हात छैन। कुनै दोष छैन। हामीले उहाँलाई पूरा समर्थन गरेका थियौँ। जब राष्ट्रपति निर्वाचनमा उहाँ (प्रचण्ड) ले एमालेलाई समर्थन गर्नुपर्थ्यो। उहाँले र उहाँको पार्टीले त्यसो गर्नु भएन। र, कामरेड प्रचण्डले एमाले-माओवादीबीच भएको सहमति मान्नु भएन र उहाँ अन्तै जानु भयो र सहमति उल्लंघन भएसँगै समीकरण पनि भत्कियो। यसमा कामरेड प्रचण्ड नै दोषी हुनुहुन्छ।

**एमाले–माओवादीबीचको सहमति भत्किसकेपछि एउटै कम्युनिष्ट पार्टी बन्ने अवस्था कतिको देख्नु हुन्छ ?**

अहिले तत्कालै पार्टी एकता सम्भावना छैन। अहिले माओवादी, समाजवादी पार्टीभित्र रहेका हरेक नेता कार्यकर्ताबाट व्यक्ति व्यक्तिलाई एक एक गरी पार्टीमा ल्याएर एउटा अभियान सञ्चालन नै छ। हरेक कम्युनिष्ट पार्टीभित्र एउटै कम्युनिष्ट पार्टी हुनुपर्छ भन्ने आम कार्यकर्ता पंक्तिको धारणा पनि छ। यसप्रति प्रायः नेता तथा कार्यकर्ता सकारात्मक छन्। आउने दिनमा नेकपा बन्ने झैँ फेरि पनि एउटै कम्युनिष्ट पार्टी निर्माणको सम्भावना छदैंछ। यसका लागि आवश्यक गृहकार्य आआफ्नो तवरबाट हुन्छ नै होला। तर अहिले अन्य पार्टीबाट नेता कार्यकर्तालाई गोलबद्ध गर्दै अन्य कम्युनिष्ट पार्टीलाई दबाब दिँदै लैजानु पर्छ। आउने दिनमा कम्युनिष्ट पार्टी एक हुने सम्भावना पनि छ।

**संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यासमा रहँदा संघीयताको सवालमा अहिले पनि विभिन्न सवालहरु उठ्ने गरेका छन्। कल्पना गरिएको जस्तो संघीयता मुलुकमा नरहेको भनी असन्तुष्टिहरु पनि बेलाबखत नेताहरुको अभिव्यक्तिबाट आउने गरेका छन् भने सात वटै प्रदेशका मुख्यमन्त्रीहरुले पनि प्रधानमन्त्री समक्ष संघीयता र अधिकारको सवालमा असन्तुष्टि पोखेको देखिन्छ ?**
पहिलो कुरा त नेपालमा संघीयता पहिलोपटक अभ्यास गरेका हौँ। करिब ८ वर्ष भयो संघीयतासहितको अवधारणामा मुलुक अघि बढेको। यसका केही असल र केही कमजोर पक्ष पनि देखिएका छन्। संघीयता भनेको अधिकार र शक्तिको बाँडफाँड हो। तर हिजो संघीयताको धुरन्धर वकालत गर्ने पार्टीका नेताहरुले पनि शक्ति बाँडफाँड गर्ने बेलामा कञ्जुस्याइँ गरेका छन्। त्यसकारण उनीहरुको पनि स्पष्ट धारणा छैन। अब संघ भनेको केन्द्रले पनि कतिपय कानुन बनाएर प्रदेशलाई र स्थानीय तहलाई बलियो बनाउनु पर्थ्यो, संघ सरकारले त्यो गर्न सकिरहेका छैन। मूलतः निजामती ऐन, संघीय प्रहरी ऐन जस्ता ऐनहरु बनाउनु पर्थ्यो। त्यो बन्न सकेको छैन। संविधानमा उल्लेख भएका कतिपय अधिकारहरु तल हस्तान्तरण हुनुपर्थ्यो, त्यो पनि हस्तान्तरण हुन सकिरहेको छैन। त्यो करणले पनि कतिपय समस्या कामयै छन्। तर, हामी नेकपा एमालेचाहिँ संघीयतालाई मजबुत बनाउनुपर्छ, कार्यान्वयन गर्नुपर्छ। अधिकारको बाँडफाँड गर्नुपर्छ भन्ने पक्षमा हामी छौँ। भने अर्को तिर प्रदेशहरुमा धेरै व्यथितिहरु देखा परेका छन्। प्रदेशमा चाही औचित्य भन्दा बढी मन्त्रालय बनाउने, राजनीतिक नियुक्ति गर्ने, प्रशासनिक खर्च बढाउने, भ्रष्टाचारको केन्द्र बने प्रदेशहरु, आर्थिक अनियमितता हुने, आर्थिक अनुशासन कमजोर हुने, त्यसमा पनि मधेश प्रदेश सबै भन्दा अगाडि आर्थिक अनियमिततामा देखिएको छ। आर्थिक अनियमिततासम्बन्धी सबैभन्दा बढी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मधेश प्रदेशबाटै परेको छ। त्यसमा अरु प्रदेशको तुलनामा मधेश प्रदेशमा अत्याधिक बढी छ। पारदर्शीता भएन प्रदेशमा, त्यसकारणले प्रदेश संरचनाले आफैँ पनि आफ्नो आचित्यता पुष्टि गर्न सकिरहेको छैन। यसमा हाम्रो भनाइ के छ भने प्रदेशहरु पारदर्शी हुनुपर्छ। प्रदेशहरुमा मितव्ययी ढंगले काम हुनुपर्छ। प्रदेशहरुमा सुशासन हुनुपर्छ। प्रदेशहरु सुशासनको केन्द्र बन्नु पर्छ र प्रदेशहरुले विकास निर्माणको कामको समेत अगुवाइ गर्नुपर्छ भन्ने हाम्रो पार्टीको एउटा कोण छ। यसरी गर्यौं भने प्रादेशिक संरचनाहरु पनि बलियो हुन्छ र स्थानीय तहलाई केन्द्र बनाएर विकास निर्माणलगायतका कामहरु गर्नुपर्छ। र, स्थानीय तहलाई विकास निर्माणको केन्द्र बनाएर स्थानीय तहमा दिने बजेट बढाउनु पर्छ, स्थानीय तहमा दिने जनशक्ति बढाउनुपर्छ, स्थानीय तहमा साधनस्रोतसमेत बढाउनु पर्छ भन्ने हाम्रो पार्टीको मान्यता हो।

**तपाई एक महिनादेखि मधेश प्रदेशमा हुनुहुन्छ, एक महिनामा तपाईंले मधेशलाई कसरी बुझ्ने प्रयास गर्नुभयो, तपाईंको आफ्नो अनुभव कस्तो रह्यो ?**

यो एक महिनामा हाम्रो पार्टीका मधेशभित्रका २४ वटा बैठकमा भाग लिएको छु। ८ वटा जिल्ला कमिटीका सबै बैठक अनि कतिपय ठाउँमा अन्तरक्रिया गर्दा २४ वटा औचापरिक कार्यक्रममा सहभागी भएँ। त्यस्तै, अनौपचारिकरुपमा पनि तपाईंलाई भेटेजस्तो सैयौँ मानिससँग भेटघाट गरेको छु। पार्टीले मलाइ जिम्मा दिएपछि काठमाडौँमै बसेर मधेशका सवाल समस्याबारे लेखिरहनु भएकाहरु र मधेशमा रहेर मधेशका अधिकारका सवाल लेखिरहनु भएका बुद्धिजीवीसँग तथा केही नेतासँगसमेत भेटघाट, छलफल भएको छ। मधेशका सवाल के हुन्, मधेशका समस्याका समाधान कसरी गर्न सकिन्छ भन्नेबारे लामो छलफल बहस गर्ने क्रममै छु।

के हो मधेश, मधेशका मुद्दा तथा एजेण्डाहरु के के हुन्, एमालेले के गर्नु पर्छ भन्ने सुझावहरु बुद्धिजीवीहरुसँग लिएको छु। त्यस हिसाबमा हेर्दा मधेशमा समस्या विगतदेखिकै रहेको छ। मूलतः मधेशमा सम्पत्तिको सवाल स्पष्ट छैन। यहाँ भूमिको समस्या छ। किसानको समस्या छ। भूमिको वितरणको समस्या छ। सुकुम्बासी समस्या छ। अर्कातिर अन्य प्रदेश भन्दा बढी मधेश प्रदेशमा गरिब र धनीको खाडल गहिरो नै छ। सामन्ती उत्पादनसम्बन्धी प्रभाव अरु प्रदेश भन्दा बढी मधेश प्रदेशमा पाइएको छ। यसलाई हटाउनु पर्छ। गरिब र धनीबीचको खाडल कम गर्नु पर्छ। अहिले पनि मधेशमा अरु प्रदेश भन्दा गरिबीको संख्या बढी छ। साक्षरता दर कम छ, मानव सूचकांक दर कम छ, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा समेत पछाडि छ। अर्कातिर सामाजिक जटिलताहरु पनि बढी छ। विशेषगरी जातीय सम्बन्धहरु अलि ज्यादा तिक्ततापूर्ण छन्, जुन अरु प्रदेशमा कम छन्। अनि सामाजिक संरचना र ढाँचा यहाँ ज्यादा नै छ। यसलाई अन्त्य गरिनुपर्छ।

अनि जनसंख्या झण्डै १५ प्रतिशत दलित मधेश प्रदेशमा छन्। दलितहरु अहिले पनि नेतृत्व तहमा आउनसकेका छैनन्। सम्पत्तिमा उनीहरुको अधिकार, साधनस्रोतमा उनीहरुको अधिकार स्थापित हुनसकेको छैन। झण्डै १२ प्रतिशत भन्दा बढी मुस्लिम समुदाय मधेशमा छन्। उनीहरु अहिले पनि राजनीतिको मूलधारमा आउनसकेका छैनन्। यहाँ चार वटा सामाजिक संरचनालाई हेर्दा मधेशी समुदाय, पहाडी समुदाय, मुस्लिम समुदाय, दलित समुदाय भयो र अर्को थारु समुदाय छ। यी पाँच समुदायबीच एकता, मेलमिलाप, सहकार्य र सद्भावको धेरै आवश्यकता छ।

**सरकारले मिटर ब्याजपीडितहरुका लागि ल्याएको विधेयकले पीडकलाई कारबाही र पीडितले न्याय पाउने अवस्था देखिन्छ ?**

मिटर ब्याजसम्बन्धी विधेयक ल्याउनुपर्छ भनेर नै एमालेले समर्थन गरेको हो। र, विधेयकको पक्षमा उभिएको हो। आम सर्वसाधारणको पहुँचमा वित्तीय संस्था बैंकिंग प्रणाली नपुग्दा आममानिस सामान्य घर खर्चका निम्ति, विवाहवारी खर्चका लागि, मर्दापर्दा आफ्नो मान्छेलाई वैदेशिक रोजगारीमा पठाउँदा, साना व्यवसाय गर्दा साहुमहाजन कहाँ गएर पैसा लिन बाध्य छन्। बैंकिंग प्रणालीमा जाँदा उसँग धितो राख्ने सम्पत्ति वा जग्गाजमिन छैन। त्यसकारण कुनै न कुनै साहुमहाजन गुहार्न बाध्य छन्। र, उसले ब्याज, साँवा थप्दै थप्दै जाँदा अकुत तिर्नुपर्ने अवस्था छ, जुन आम मान्छेले तिर्नसक्ने अवस्था छैन। त्यसैले गर्दा निम्तिएको हो, मिटरब्याज। पहिलो कुरा त राज्यको तर्फबाट वित्तीय संस्था तथा बैंकिंग प्रणाली आमसर्वसाधारणको पहुँचमा पुर्‍याउनुपर्छ। जसले गर्दा मानिस बैंकमा जान्छन् पैसा लिन। यसका लागि सरकारले सरलीकृत गर्दिनु पर्‍यो। सस्तो ब्याजदर अर्थात १० प्रतिशत भन्दा कम ब्याजमा ऋण लिनसक्ने र लिएको ऋण तिर्नसक्ने खालको सहज व्यवस्था गरिनु पर्छ। अर्को कुरा, विभिन्न कारणले साहु महाजनसँग लिएको पैसा एउटा निश्चित प्रक्रियाबाट फर्काइदिनु पर्‍यो। हिजो ३६ प्रतिशतसम्म ब्याज लिन्थ्यो भने बैंकले लिने १० प्रतिशत ब्याज हो। त्यही दश प्रतिशत ब्याजमा उसले आफ्नो ऋण तिर्नुपर्छ भन्ने कुरा विधेयकले भनेको छ।
त्यस्तै यहाँ बैंकलगायतका पनि मिटरब्याजीका रुपमा काम गरिरहेका छन्। त्यस्ता वित्तीय संस्था र अन्य सरकारी कार्यालयले समेत समयमा रकम नबुझाउँदा चर्को ब्याज असुल्नेहरु पनि मिटरब्याजी हुन्। त्यस्तालाई पनि कारबाहीको दायरामा ल्याउनुपर्छ। र, सरकारले तोकेको ब्याज लिन पाउने व्यवस्थाभित्र रहेर काम गर्नुपर्छ।
निमुखा जनतालाई जोसँग केही छैन। तर पैसाको आवश्यकता छ भने उनीहरुको हकमा स्थानीय तहले नै अग्रसरता लिई जमानी बसेर न्युनतम दुई वा तीन प्रतिशत ब्याजमा ऋणमा व्यवस्था मिलाउनु पर्दछ। त्यस्तै, ठूला व्यवसाय गर्नेलाई ८ प्रतिशतसम्म ब्याज लिएर ऋण दिइनुपर्दछ।

साउन मसान्त सिध्दिँदासम्म बैंकमा ६ खर्ब रुपैयाँ छ। त्यो ६ खर्ब रुपैयाँमध्ये साढे ५ खर्ब रुपैयाँ लगानी लगाउन मिल्ने खालका छन्। बैंकमा पैसा छ, तर मान्छे बैंकबाट ऋण लिएर काम गर्न सकिरहेका छैनन्। बैंकबाट चर्को ऋणमा ब्याज तिरेर व्यवसाय गरेर ऋणको ब्याज तिरेर नाफा कमाउन सकिँदैन। त्यसैले बैंकको ब्याज घटाएर बैंकबाट ऋण लिएर काम गर्ने वातावरण सरकारले गर्नु पर्‍यो। बैंकको ब्याज घटाएर व्यावसायिक वातावरण बनाउनु पर्छ, त्यसरी पनि मिटरब्याजीको समस्या समाधान हुन्छ।
अर्को, अब यही मौका हो मिटरब्याजीसँग लिएको रकम तिर्नु पर्दैन भनेर। जुन गलत हल्ला फैलाएर मिटर ब्याजीपीडितको नाममा साहु महाजनसँग लिएको ऋण नतिर्न नाराजुलुस गर्दै समाजमा एकखालको अराजक पैदा गर्न खोजिँदैछ। वैधानिक ढंगले पैसा तिर्नै नचाहने। यस्तो गलत गतिविधि पनि हुनु भएन। अर्को विकृति आउन नदिन सचेत हुनुपर्छ। जसले लगानी लगाएको छ। उसले आफ्नो पैसा पाउनुपर्छ भने सरकारले तोकेको ब्याज प्रतिशतअनुसार नै साहु महाजनले पैसा पाउनुपर्छ।

नेपाल-भारत सीमानाका कारण पारी गएर खाद्यान्नलगायतका सामग्री ल्याउने क्रम अझै पनि जारी नै छ। यस्तो अवस्थामा सरकारले सीमा पारीबाट सय रुपैयाँ भन्दा बढीको सामग्रीमा पनि कर लिने भएको छ। अति आवश्यक आलु प्याजमा पनि चर्को करको व्यवस्था सरकारले लिएर के गर्न खोजेको छ ? किनभने सरकारको कर नीतिको पनि व्यापक विरोध भइरहेको छ, यसरी जनताको ढाड सेक्ने गरी कर लिएर ज्यानमारा सरकारको संज्ञा दिन थालेका छन्, तपाईंहरु पनि यस विषयमा केही बोलेको देखिएन ?
नेपाल-भारत सीमानाका क्षेत्र हुँदै आउने जाने सम्बन्ध सदियौँदेखिको छ। यो सम्बन्धलाई व्यवस्थित गर्नुपर्छ। हाम्रो नातागोता विवाहवारीलगायत विभिन्नखाले सम्बन्ध छ। हाम्रो सामाजिक, सांस्कृति, पारम्परिक सम्बन्ध छ।
दुई देशबीचको खुला सीमानाका व्यवस्थित गर्नुपर्छ। र, यसमा हाम्रो भनाइ के छ भने ठूला व्यवसायी तथा व्यापारी छन् भने उनीहरुसँग राज्यले कर लिने हो। तर एककिलो, दुईकिलो चिनीलगायतका खाद्यान्न सामग्री ल्याएकै भरमा कर लिनु वा पीडित बनाउनु हुँदैन। राज्यले मापदण्ड निर्धारण गरेर कति मूल्य बराबरको कति सामग्री ल्याउन सकिन्छ, त्यो तोक्नु पर्ने आवश्यकता छ।

**ललिता निवास प्रकरण अहिले मुलुकको ठुलो मुद्दा हो। यस मुद्दामा तपाई पनि केही समयसम्म चर्चामा रहनुभयो। यस्ता विवादहरुमा तपाई कसरी मुछिनु भयो ?**

हाम्रो नाम जोडिएको छैन। तपाईं कन्फ्युजमा पर्नुभो। ललिता निवास प्रकरण भनेको बालुवाटारको सार्वजनिक जमिन हो। सार्वजनिक जमिन भूमाफियाको षड्यन्त्रमा व्यक्तिकरण गर्ने काम भयो। यो बहुदलीय व्यवस्था आउनु भन्दा पहिलादेखि नै ललिता निवासको जमिन व्यक्तिव्यक्तिको नाममा गर्ने खेल भएको हो। बहुदलीय व्यवस्था आएपछि ललिता निवासको जमिनलाई व्यक्तिकरण गर्ने काम भयो। त्यसपछि पनि कतिपय सरकारले केही गलत निर्णयहरु भयो। वर्तमान प्रधानमन्त्री प्रचण्डले ललिता निवास प्रकरणको मुद्दालाई अघि बढाएपछि चर्चामा आएको हो। यसमा विगतमा दुई जना प्रधानमन्त्रीको संलग्नता रहेको खुलेको छ। एकजना बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा र अर्को माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा ललिता निवास प्रकरण मुद्दामा केही गलत काम अघि बढेको पनि देखिएको छ। उहाँहरु प्रधानमन्त्री हुँदा त्यतिबेलाको क्याबिनेटको बैठकबाट गलत निर्णय भएको हो। सरकारी जमिनहरु सरकारी कामकाजका लागि प्रयोग हुनु पर्थ्यो।

जतिबेला प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री हुनुहुन्थ्यो। त्यतिबेला ललिता निवास प्रकरण के हो भनेर खोत्लनु भयो। छानबिनका लागि पूर्व सचिव शारदा त्रितालको संयोजकत्वमा समिति बनाइयो। समितिले जमिन अनियमितता भएको छ। जमिनमा फलानो फलानो संलग्न रहेकाले कारबाही गर्नुपर्छ भनेर सिफारिस गर्दै प्रतिवेदन बुझाएको थियो। त्यतिबेला नै अख्तियारले मुद्दा चलायो। अख्तियारले मुद्दा चलाउँदा कतिपय मान्छे पक्राउ परे। कारबाही पनि भयो। जसमध्ये विजय गच्छेदारलाई पनि त्यही मुद्दामा कारबाही भयो। कतिपय मन्त्रीहरु र सचिवहरु पनि परे।
अहिलेको सरकारले फेरि थन्क्याएर राखिएको ललिता निवास प्रकरणको मुद्दाको फाइल खोलेर कारबाही प्रक्रिया अघि बढाएको कुरा ठिक छ। यसमा हाम्रो समर्थन नै छ। तर यसमा हाम्रो भनाइ के छ भने सानातिना मान्छेलाई समात्ने र बिचौलिया रहेका तथा ठूला माछाका रुपमा रहेका माफियालाई छुनै नछुने चैं गलत हो। यस घटनामा संलग्न रहेका प्रमुख मान्छेलाई उम्काउनु हुँदैन। उनीहरुलाई पनि कारबाही हुनुपर्छ। सबैलाई छानबिन गर्नुस्, हाम्रो साथ छ। यदि एमालेकै नेताहरु मुछिएका छन् भने एमालेले सरकारले चालेको कदमलाई साथ दिन्छ। त्यस्ता नेताहरुमाथि छानबिनसँगै कारबाही हुनुपर्छ।

**तपाई मधेश प्रदेश भ्रमणक्रममा हुनुहुन्छ। मधेश प्रदेशको राजधानी जनकपुरधाम पनि ललिता निवासको सार्वजनिक जग्गाजमिन अतिक्रमण भए झैँ तीव्ररुपमा अतिक्रमणमा परिरहेको छ। यहाँ पनि गुठी तथा सार्वजनिक जग्गा जोगाउन एमालेसँग योजना के छ, त्यस्तै जानकी मन्दिरलाई सरकारले विश्वसम्पदाको सूचीमा लैजाने भनेको छ, तर यस्तो अवस्थामा कसरी सम्भव छ ?**

पहिलो कुरा जनकपुरधाम एउटा सांस्कृति केन्द्र हो। यहाँ गुठीका नाममा थुप्रै जग्गा छ। त्यो जग्गा व्यक्तिले अपचलन गरेको थुप्रैले भन्छन्। प्रदेश सरकारले, नगरपालिकाले, गुठीले र सरोकारवालाले पनि गुठी तथा सार्वजनिक जग्गाहरु कति छन्, व्यक्तिले हिनामिना गरेको छ भने त्यो जग्गाजमिन सार्वजनिक गरिनुपर्छ, व्यक्तिका नामबाट जग्गा लिएर गुठीले आफ्नो अधिनमा राख्नुपर्दछ। त्यसलाई कसरी उपयोग गर्ने त्यो नीति बनाउनु पर्दछ। त्यस्ता जग्गाको उपयोगको लागि नीति बनाउनु पर्छ।
मधेश प्रदेश एउटा पर्यटनीय नगरी हो। एउटा प्राकृतिक पर्यटक र अर्को ऐतिहासिक सांस्कृतिक पर्यटकीय नगरी छ। चाहे त्यो जनकपुरधाम, जानकी मन्दिर, बाराको सिम्रौनगढ, गढीमाई, सप्तरीको छिन्नमस्ता मन्दिर, सिरहाको सलहेसलगायतका यस्ता अनेकन ऐतिहासिक धार्मिक सांस्कृतिक धरोहर छन्। यी सबै हाम्रो ऐतिहासिक सांस्कृतिक धरोहर हुन्। यी सबैलाई धार्मिक पर्यटकीय नगरीको रुपमा पर्सादेखि सप्तरीसम्म सर्किटको रुपमा जोड्नु पर्छ। अहिले कुनै पनि धार्मिक नगरीमा पर्यटक आउँदा बास बस्ने गरी आउँदैनन्। आउँछन् दर्शन गर्छन् र जान्छन्। यसरी हुँदैन। यदि यी सबै पर्यटकीय स्थललाई एक अर्कासँग जोडेर यसको महत्वसहितको उजागर गर्‍यौँ भने कमसेकम एक सातासम्म बास बस्ने व्यवस्था पनि पर्यटकहरु आफैँ खोज्दै आउनेछन्।
त्यस्तै, पहिलो कुरा त प्रदेश सरकारले मास्टर प्लान बनाउनु पर्‍यो। प्रदेश पर्यटन, सांस्कृतिक पर्यटन र प्राकृतिक पर्यटनका हिसाबले आउने मान्छेले कमसेकम एक सातासम्म यस प्रदेशमा बस्ने गरी आउने वातावरणको विकास गर्नुपर्छ।
यस प्रदेशमा प्राकृतिक पर्यटनको हिसाबले पर्सामा पर्सा वन्यजन्तु छ भने अर्कोतर्फ कोशी टापु छ। यसरी प्राकृतिक पर्यटन र सांस्कृतिक पर्यटनलाई एकअर्कासँग जोडेर एकीकृत गर्ने र यहाँको सांस्कृतिक र प्राकृतिकसँग अन्य प्रदेशसँग जोड्ने। बागमती प्रदेश वा कोशी प्रदेशलगायत अन्य प्रदेशसँग जोड्नुपर्दछ। जनकपुरधाम घुम्न आउने मान्छे, पोखरा जाओस्, पोखरा घुम्न आउने मान्छे यहाँ आओस्। यसरी यसलाई पर्यटकीय सर्किटका रुपमा विकास गर्नुपर्छ।

**मधेश प्रदेश सरकारको गतिविधिलाई तपाईंले नजिकबाट नियाल्नु भएको होला, यसलाई कसरी लिनु भएको छ ?**

मेरो खासै त्यस्तो टिप्पणी केही छैन। मधेश प्रदेश सरकारबारे धेरै टिकाटिप्पणी सार्वजनिक भएको छ। मधेश प्रदेश सरकारको गतिविधि नियाल्दा मधेशी समुदायका निम्ति र जनताका निम्ति एकदमै लज्जाको कुरा हो। मधेश प्रदेश सरकारको गतिविधि हेर्दा यहाँ भ्रष्टाचार, अनियमितता, अपारदर्शीता छ। त्यसकारणले मधेशबाट राष्ट्रिय नेता बन्ने राष्ट्रपनि बन्ने प्रधानमन्त्री बन्ने उद्देश्य राखेर जनता र राष्ट्रको हितमा काम गर्न मुख्यमन्त्रीलाई मेरो सुझाव छ। मेरो सुझाव मुख्यमन्त्री, मन्त्रीहरु, यहाँका राजनीतिक दलहरुलाई पनि छ। मधेशमा व्याप्त भ्रष्टाचार छ, मधेशमा लुटपाट छ यस्ता अवधारणा बन्न दिनु भएन नि।

**मधेशदृष्टिमार्फत छुटेका केही छन् बाँकी भन्न ?**

हाम्रो मुलुक तराई-हिमाल-पहाड भूभाग मिलेर बनेको छ। यो तीन वटा भूभागभित्र हामी सैयौँ जातजाति छौँ, मधेशको अस्तित्व छ, त्यसकारण पहाड पनि छ। पहाडको अस्तित्व छ त्यसकारण मधेश पनि छ। तल फाँटमा काठमाडौँ पनि छ। यी तीन वटा भूभागमा बलियो एकताको आवश्यकता छ। नेपाल राष्ट्र समृद्ध हुनुमा यहाँको विकासका लागि यहाँका राजनीतिक दलहरु, नागरिक समाजका अगुवा, बुद्धिजीवी र पत्रकारहरुले निरन्तर कलम चलाएर समाजको विकास र रुपान्तरणका अघि बढ्नु भन्ने मेरो मधेशदृष्टिबाट अपेक्षा रहेको छ।

वीरगंज डायरी

## प्रहरीका सन्ततिलाई स्टेशनरी

वीरगंजमा नेपाल प्रहरीमा कार्यरत सुरक्षाकर्मीका सन्तानलाई स्टेसनरी सामग्री वितरण गरिएको छ । जिल्ला प्रहरी कार्यालय पर्सा र त्यस मातहतका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान र प्रहरी हवल्दारका सन्तानलाई स्टेसनरी सामग्री वितरण गरिएको हो । जिल्ला प्रहरी कार्यालय पर्सामा बुधबार आयोजित कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशले कक्षा १ देखि ५ सम्ममा अध्ययनरत नेपाल प्रहरीका ८० बालबालिकालाई स्टेसनरी सामग्री वितरण गरेको नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशकी अध्यक्ष सरला भट्टराईले जानकारी दिइन् ।

## फर्किए मक्कामदिना पुगेका हजयात्री

नेपालबाट हजका लागि साउदी अरबको मक्कामदिना पुगेका हजयात्री बुधबार स्वदेश फर्किएका छन् । उनीहरु बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेका हुन् । यस वर्ष नेपालबाट हजका लागि १ हजार २ सय जना मक्कामदिना गएका थिए ।
मक्का मदिनामा हजयात्रा पूरा गरी उनीहरु सबै स्वदेश फर्किएका हुन् । स्वदेश फर्किएका हजयात्रीले नेपालको हज कमिटीबाट यात्रामा राम्रो व्यवहार नभएको गुनासो गरेका छन् । हजयात्री राजअहम्मद अन्सारीले पैसा तिरेबापत सुविधा नपाएको गुनासो गरे ।

## १२ को नतिजा साउन अन्तिममा

यस वर्षको कक्षा १२ को परीक्षाफल साउन अन्तिम साता प्रकाशन हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले कक्षा १२ को परीक्षाफल साउन अन्तिममा प्रकाशन गर्ने तयारी भइरहेको जानकारी दिए । डा. शर्माका अनुसार परीक्षामा करिब चार लाख ६७ हजार ३ सय ८९ परीक्षार्थी सहभागी छन् । ५६ हजारभन्दा बढी परीक्षार्थीले कम नम्बर आएको विषयमा ग्रेड वृद्धि गर्न परीक्षा दिएका थिए । परीक्षा ७७ वटै जिल्लाका एक हजार ४ सय ५३ परीक्षा केन्द्रबाट वैशाख २६ देखि जेठ ५ गतेसम्म सञ्चालन भएको थियो ।

## चोरी पैठारीका भारतीय कपडा बरामद

वीरगंज । प्रहरीले भन्सार छली चोरी पैठारी गरी ल्याएको भारतीय कपडा बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय तथा प्रहरी चौकी इनर्वाबाट खटिएको टोलीले भारतको रक्सौलबाट वीरगंज ल्याउँदै गरेको अवस्थामा लेडिज कुर्था सुरुवाल, थानको कपडा, साडीलगायतका ३ लाख २५ हजार रुपैयाँ भन्दा बढी मूल्यका भारतीय कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दिपक गिरीले जानकारी दिए । बरामद गरिएको कपडा थप कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको गिरीले बताए ।

# इन्सपेक्टर कठायतको सक्रियताले बढ्यो सुशासन

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटको प्रमुख इन्सपेक्टर बिमला कुमारी कठायतको सक्रियताले राजश्व संकलनमा उलेख्य वृद्धि हुनुका साथै दुर्घटना र मृत्युको संख्यामा कमी आएको छ । आर्थिक वर्ष २०७९÷८० मा तीन करोड भन्दा बढी राजश्व संकलन गरेको छ । जिल्लाका विभिन्न ठाउँमा सञ्चालित सवारीसाधनलाई गरेको कारबाहीबाट तीन करोड १० लाख ४ हजार रुपैयाँ राजश्व संकलन भएको हो ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमूख इन्सपेक्टर बिमला कुमारी कठायतका अनुसार यो राजश्व आर्थिक वर्ष २०७८÷७९ को भन्दा १करोड २२ लाखले बढी अर्थात राजश्व संकलनमा ६८ प्रतिशतले वृद्धि हो । अघिल्लो आर्थिक वर्षमा मात्र १ करोड ७८ लाख ७० हजार पाँच सय रुपैयाँ राजश्व उठेको थियो भने यो आर्थिक वर्षमा तीन करोड १० लाख चार हजार रुपैयाँ राजश्व संकलन भएको छ । सोही अवधिमा जिल्लाभरिका ट्राफिक नियम बिपरित चलेका कुल ३८ हजार पाँचसय ८२ सवारी साधनलाई कार्वाही गरीएको हो । जुन गत वर्षको कार्वाहिको



तुलनामा ९७ प्रतिशतले वृद्धि भएको छ गत वर्ष जिल्लाभरीमा मात्र १९ हजार ६०० सवारी साधन लाई कार्वाही गरिएको ट्राफीक प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ । इन्सपेक्टर कठायत लगायत सम्पूर्ण युनिटको सक्रियताले गत वर्षको तुलनामा यस वर्ष सवारी दुर्घटनामा झन्डै १० प्रतिशत, घाईतेमा साढे १० प्रतिशत र दुर्घटनामा मृत्यु हुनेमा ३० प्रतिशतले कमी भएको छ । आर्थिक वर्ष २०७९ !०८०मा कूल ६४५ दुर्घटनामा परेर एकहजार ४७ जना मानिस घाईते भएका थिए भने ५० जना मानिसको मृत्यु भएको ईन्सपेक्टर कठायतले जानकारी दिएकी छन्। जबकि अघिल्लो आर्थिक वर्षमा जिल्लाभरिका भएको कुल ७१३ सवारी दुर्घटनामा परेर ११ सय ७१ जना मानिस घाईते र ७२ जना मानिसको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटको तथ्यांकमा उल्लेख गरिएको छ ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख इन्सपेक्टर बिमला कुमारी कठायतका अनुसार गएको आर्थिक वर्षमा सबैभन्दा बढी मोटरसाइकल कारबाहीमा परेका छन् । इन्सपेक्टर कठायतले धेरैजसो सवारीसाधनका कागजपत्र नबोकेका, क्षमताभन्दा बढी यात्रु बोकेका, बढी मालसामान ढुवानी गरेका, लाइसेन्स नभएका र ट्राफिक नियम पालना नगरेका कारण सवारीसाधन कारबाही पर्ने गरेको बताए । यस वर्ष बढी राजश्व संकलन हुनुको प्रमुख कारण ट्राफिक प्रहरीको सक्रियता रहेको बताइएको कम जनशक्तिका बाबजुद पनि रौतहट ट्राफिकले उल्लेख्य रूपमा राजश्व संकलन गरेको दाबी गरेकि छन् । यस वर्ष दुर्घटनामा कमी हुनुका विभिन्न कारण रहेको इन्सपेक्टर बताउँछिन् । उनका अनुसार ट्राफिक जनचेतनामूलक कार्यक्रम तीव्र हुनु, ट्राफिक नियम उलंघन गर्ने चालकलाई कक्षा दिनु, ट्राफिक प्रहरीको सक्रियता, चेकजाँचमा कडाइ, राति १० बजेसम्म चेकिङले दुर्घटनामा कमी आएको हुनसक्ने बताए ।

## लिखित सहमतिपछि निर्माण व्यवसायीको आन्दोलन स्थगित




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटका निर्माण व्यवसायीहरुले आन्दोलन स्थगित गरेका छन् । डिभिजन सडक कार्यालय रौतहटका कार्यालय प्रमुख दारोगाप्रसाद साहले एक महिना भित्रमा भुक्तानी दिने लिखित सहमति गरेपछि कार्यालयको ताला खोलेर आन्दोलन स्थगित गरिएको हो ।
निर्माण व्यवसायी संघमा आवद्ध व्यवसायीहरु भुक्तानीको माग गर्दै बुधबार तेस्रोदिन पनि आन्दोलन जारी राखेका थिए । गत आर्थिक वर्षमा सम्पन्न भईसकेको योजनाको करोडौं रुपैयाँको भुक्तानी नदिएको भन्दै व्यवसायीहरु आइतबारदेखि डिभिजन सडक कार्यालय रौतहट चन्द्रनिगाहपुर बिरुद्ध आन्दोलनमा उत्रिएका हुन् । पहिलो दिन आइतबार व्यवसायीहरु डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरमा तालाबन्दी गरी धर्नामा बसेका थिए ।
संघका अध्यक्ष कृष्णदेव यादवको नेतृत्वमा व्यवसायीहरुले आइतबार डिभिजन कार्यालयको मूलगेटमा तालाबन्दी गरेका थिए । संघका अध्यक्ष इन्जिनियर यादवले जनाए अनुसार डिभिजन सडक कार्यालय रौतहट मातहत निर्माणको काम गरेका साना तथा ठूला गरी कुल ४० भन्दा बढी व्यवसायीको २६ करोड भन्दा बढी रुपैयाँ बक्यौता लिन बाकी छ । लिखित सहमतिपछि तत्कालका लागि आन्दोलन स्थगित गरिएको निर्माण व्यवसायी संघका अध्यक्ष इन्जिनियर कृष्णदेव यादवले बताए ।

## पर्यटन विकास कार्यालयका इन्जिनियरमाथि कुटपिट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सम्पन्न योजनाको भुक्तानी नदिएको झोकमा मधेशको पर्यटन विकास कार्यालयका इन्जिनियर मो. युनिस राइनमाथि कार्यालयमै हातपात तथा दुर्व्यवहारको घटना भएको छ ।
पर्यटन कार्यालयले आर्थिक वर्ष २०७९÷८० मा सम्पन्न भएका ३६१ मध्ये ३४ वटा योजनाको भुक्तानी दिएको छैन । भुक्तानी नपाउने योजनासँग सम्बन्धित व्यक्तिहरु बुधबार कार्यालयमा पुगेका थिए । उनीहरुले इन्जिनियर राइन र लेखा अधिकृत नवीन झाले कमिसन मागेको र नदिएका कारण भुक्तानी नदिएको आरोप लगाउँदै आएका छन् । इन्जिनियर राइनमाथि दुर्व्यबहार भएको भिडियो समेत सार्वजनिक भएको छ । भिडियोमा एकजनाले इन्जिनियर राइनको खल्तीमा हात हालेर जबर्जस्ती केही कागजात खासेको देखिन्छ ।



उक्त समूहले इन्जिनियर राइनले कमिसन मागेर भुक्तानी रोकेको आरोप लगाएका थिए । 'हेर्नुस् कमिसन लिएको बैंकका भौचरहरु', इन्जिनियर राइनलाई पाखुरा समात्दै सो समूहका एक जनाले भनेका छन्, 'तिमी चेक ल्याऊ नभए एसपी (प्रहरी) अफिस् हिड ।'
इन्जिनियर राइनले यो आफ्नो कार्यालयभित्रको काम हो भन्दै बाहिर जान अस्वीकार गर्छन् ।
कार्यालयमै लेखा अधिकृत नविन झामाथि हातपातको प्रयास भएको छ । उनले पनि कमिसनको कारण भुक्तानी रोकेको भन्दै सो समूहले घाँटी समातेको थियो ।सो कार्यालयका प्रमुख मीन भट्टराईले भने कसैमाथि पनि हातपात नभएको जिकिर गरे । भिडियो नै सार्वजनिक भएको छ भनेपछि उनले आफ्नो कार्यकक्ष माथिल्लो तलामा भएकाले थाहा नपाएको बताए । कार्यालय प्रमुख भट्टराईले सयममा काम सम्पन्न भएको फाइल नआउँदा ३४ योजनाको झण्डै ३ करोड रुपैयाँ भुक्तानी रोकिएको बताए ।

## महोत्तरीमा नर्सिङ कलेज संचालनमा आउने



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा नर्सिङ कलेज संचालनमा आउने भएको छ । सिटिइभिटीबाट मान्यता प्राप्त नर्सिङ कलेज संचालनको जिम्मेवारी शुभ स्वस्तिक टेक्निकल इष्टिच्युटले पाएको हो ।
जिल्लाको बर्दिबास नगरपालिकामा संचालित उक्त इष्टिच्युटले प्रमाणपत्र तहको ३ बर्षे नर्सिङ अध्यापन गराउने उक्त कलेजका संचालक दिपक कार्कीले जानकारी दिए ।
जिल्लाका झण्डै २ हजार भन्दा बढी किशोरीहरु नर्सिङ अध्यणको लागी बाहिर गइरहेको बेला यो कलेजले केही हदसम्म भए पनि राहत प्रदान गरेको स्थानियहरुको बुझाइ छ ।
प्रारम्भिक चरणमा कलेजले ४० जनाको सिट मात्र निर्धारण गरेको छ । यसमध्य ४ जनालाइ छात्रवृत्तिको समेत व्यवस्था गरिएको छ ।
एकजनाले नर्सिङ पूरा गर्न सिटिइभिटीले निर्धारण गरेको रकम ६ लाख २५ हजार तिर्नुपर्ने कलेज व्यवस्थापनले जनाएको छ ।

## मधेशका शिक्षा माफियालाई तह लगाउने मन्त्रीको उद्घोष



**मधेशदृष्टि**
**रौतहट ।**
मधेशमा शिक्षा माफियालाई तह लगाउने मधेश प्रदेश सरकारका मन्त्रीले उद्घोष गरेका छन् ।
शिक्षा तथा सामाजिक विकास मन्त्री महेशप्रसाद यादवले मधेशको शिक्षा माफियालाई तह लगाएर प्रदेशका विधालयलाई प्राविधिक मैत्री बनाउन लागेको उदघोष गरेका हुन् ।
मंगलबार सिमान्तकृत समुदायका बालबालिकाको बाल संरक्षण तथा कल्याण सुनिश्चितता परियोजना समापनको प्रगति समीक्षा कार्यशाला गोष्ठीमा बोल्दै मन्त्री यादवले शिक्षा माफियाको अन्त्य र शिक्षा मैत्री हुनुपर्ने बताए ।
मन्त्री यादवल विद्यालयलाई व्यवस्थित गर्ने तथा अलपत्र शिक्षकलाई काममा लगाउने कार्यको थालनी गरेको बताए । मन्त्री पदको सपथ लिए सङ्गै साक्षर प्रदेश बनाउने गरेको पहिलो निर्णय लाई कार्यान्वयन गरीरहेको प्रष्ट पारेका थिए ।
शिक्षा माफियाका कारण मधेसको शिक्षा क्षेत्र बदनाम मात्र भएन माफियाले शिक्षालाई कमाई खाने भाडो बनाएकोमा उनले चिन्ता व्यक्त गरे । मन्त्री यादवले ती प्रदेशका शिक्षा माफियाहरु लाई कारवाहीको दायरामा ल्याउने प्रतिबद्धता जनाए ।
शिक्षाको स्तर सुधारको लागि गरिएको प्रयास शिक्षा ऐनको अभवमा अपेक्षाकृत प्रगति हुन नसकेको मन्त्री यादवले बताए । शिक्षा ऐन बनाउन काम भईरहेको छ उनले भने, 'युवा – वालवालिका ऐन अब चाडैं पास हुन्छ ।'
यस कार्यक्रममा विना विभागिय राज्य मन्त्री अब्दुल कलाम अजाद फुलबाबु, जिल्ला समन्वय समिति रौतहटका सभापति राम अयोध्या प्रसाद यादव, ग्रामिण विकास केन्द्र नेपालका अध्यक्ष पारस हुसेन लगायतका वक्ताहरुले मधेश प्रदेशमा शिक्षाको अबस्था अत्यन्तै दयनीय रहेको बताउँदै सुधार तर्फ तिन वटै तहका सरकारले ध्यान जानु पर्नेमा उनीहरुको भनाइ छ ।

## घरमा भेटिएको अजिङ्गरको उद्धार

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको एक घरमा भेटिएको अजिंङ्गर कोशी टप्पु बन्यजन्तु आरक्षको टोलिद्वारा उद्धार गरेको छ ।
हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भल्वामा बुधबार एक व्यक्तिको घरमा भेटिएको ७ फिट लामो अजिङ्गरको आरक्षबाट आएको टोलिले उद्धार गरेको हो ।
स्थानीय अजय कुमार यादवको गोठमा भेटिएको अजिङ्गरको तौल ६ किलो र लम्बाई ७ फिट रहेको आरक्षका रुपक परियारले बताए ।
विहान १० बजे घरको छानोमा अजिङ्गर देखिपछी प्रहरीलाई खबर गरेको घरधनी यादवले बताए ।
प्रहरीले आरक्षको टोलिलाई खबर गरि दिउँसो ०२: ३० बजे अजिङ्गर लिएर गएको उनले बताए ।



नियन्त्रणमा लिएको अजिङ्गरलाई कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रमा लागि छोडिएको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रमुख डिएसपी दिपक कुमार रायले जानकारी दिए ।


### माईग्रेसन हराएको सूचना

सिरहाबाट जनकपुरधाम आउने क्रममा बाटोमै मेरो निम्न व्यहोरा भएको कक्षा १२ को माईग्रेसन प्रमाण-पत्र हराएको हुँदा पाउनुहुने महानुभवले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा पठाई दिनुहुन हार्दिक अनुरोध छ।
**नाम : राधिका साह**
सिम्वल नं. :- 21601707
रजिष्ट्रेशन नं. :- 771611017
ठेगाना : हँसपुर न.पा.-३, मलहनिया, जि. धनुषा
सम्पर्क नं.- 9814848348

### माईग्रेसन हराएको सूचना

सिरहाबाट जनकपुरधाम आउने क्रममा बाटोमै मेरो निम्न व्यहोरा भएको कक्षा १२ को माईग्रेसन प्रमाण-पत्र हराएको हुँदा पाउनुहुने महानुभवले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा पठाई दिनुहुन हार्दिक अनुरोध छ।
**नाम : रबिना कुमारी साह**
सिम्वल नं. :- 91624278
रजिष्ट्रेशन नं. :- 782160590087
ठेगाना : हँसपुर न.पा.-३, मलहनिया, जि. धनुषा
सम्पर्क नं.- 9814848348

मात्र ठूलो मान्छे बन्न नखोज
बरु असल मान्छे बन्ने
प्रयास गर ।
–अल्बर्ट आइन्स्टाइन

## सम्पादकीय

# मधेशमा एमालेको अवस्था

नेकपा एमालेले मधेशमा आफ्नो संगठन विस्तार गरिरहेको छ । मधेश प्रदेशमा ५० प्रतिशत सदस्यले पनि संगठित सदस्यता नवीकरण गरेनन् भनेर सञ्चारमाध्यमा प्रकाशित सामग्रीले एमालेको ध्यानाकर्षण भएको छ । भएभरका नेताहरु यसको खण्डन गरिरहेका छन् । एमाले मधेशमा पहिलो पार्टी हो । समानुपातिकामा दोस्रो भएको हो । २०८४ को चुनावमा मधेश प्रदेशसहित सातै प्रदेशमा र देशमा पहिलो पार्टी बनेर एकल बहुमतको सरकारसहित एमालेले सत्ताको बागडोर सम्हाल्नेछ भनेर अहिले एमालेका नेताहरुलाई एउटै वाणी कन्ठाग्र पारिएको छ । जसले जे सोधे पनि उनीहरुको त्यही उत्तर हुन्छ । जसले एमाले मधेशमा बलियो बनाउन लागेका छन्, उनीहरुले भन्ने नै भए । एमालेका नाममा गुट चलाउनेहरुले पनि एमाले ठूलो पार्टी बन्छ भन्दै भित्रभित्रै गुटबन्दी गरेर चैं कार्यकर्ता भड्काउन छाडेका छैनन् । यसको अनेक उदाहरणहरु कार्यकर्ताले भोगेकै छन्, देखेकै छन् । त्यसैले कार्यकर्ताहरुले एउटै निर्णय गरे, नवीकरण नगर्ने ।

‘के भयो’ मै समय सकिरहेको छ । हुनु पर्ने ‘किन भयो’ हो ? मधेशमा एमालेका ५० प्रतिशत सदस्यले किन सदस्यता नवीकरण गरेनन् भनेर खोजिएको छैन । यसको कारण खोज्दा सबैभन्दा बढी दोष नेतागण र अझ नेतृत्व गरिरहेको कार्यकारी नेताहरुको आचरण र चरित्रसँग जोडिन्छ । नेताहरुको शैलीले नै काम गरिरहेको छ कि कार्यकर्ता पार्टीमा बस्ने वातावरण बनिरहेको छैन । तर सतहमा खोजिएको छ ‘के भयो ?’ नेताहरुले समिति बनाएर ‘किन भयो’मा उत्तर नखोजेसम्म कार्यकर्ता स्खलन रोकिने छैन । नेताहरु बढेमानका भूँडी देखाएर माथिका नेताका आशीर्वादका भरमा नेता भइरहने दिन गयो भनेर अझै बुझिरहेका छैनन् । कार्यकर्ताको मनोदशा बुझ्ने नेतृत्व पनि छैन । नेतृत्व कार्यकर्तालाई ‘दास मानसिकता’बाट माथि उठ्नै दिँदैन । ‘हनुमानकारिता’मै कार्यकर्ता सीमित राख्न चाहन्छन् । यसैले नयाँ पुस्ता त पार्टीप्रति वितृष्णित छन् नै, भएका नेता कार्यकर्ता पनि कोही निष्क्रिय भएका छन् त कोही अरु पार्टीमा गएका छन् । यसैले मधेशमा अन्य प्रदेशका तुलनामा एमालेको सदस्यता नवीकरण निकै घटेको हो ।

मधेश प्रदेश इन्चार्ज बनेर पूर्वमन्त्री एवम् नेकपा एमालेका सचिव योगेश भट्टराई ताप्लेजुङबाट मधेश झरेका छन् । मधेशको यो तातो घाममा पार्टी बनाउने काममा खटिएका छन् । काठमाडौँबाट गृहजिल्ला गएका भट्टराईलाई पार्टीले तराई मधेशमा पठाएको छ । मधेशमा भत्किएको, बिग्रिएको संगठन बनाउने काममा उनलाई परिचालन गरिएको छ । मधेशका ८ जिल्ला, प्रत्येक जिल्लामा ४ संघीय निर्वाचन क्षेत्र, ८ प्रदेश सभा छन् । उसो त एमालेले प्रत्येक वडामा १५ संगठित सदस्य उत्पादन गरेर परिचालन गर्दै पहिलो पार्टी बन्ने सपना बोकेको छ । उद्देश्य पवित्र छ । तर पार्टीभित्रको गुटबन्दी र घेराबन्दीले कति काम गर्छ भन्ने हो । समग्रमा एमाले मधेशमा मिहिनेत गरिरहेको छ । यो मिहिनेतको फल जसले खाने भए पनि अहिले मधेशमा एमालेको स्खलन रोक्न जुन टिम परिचालन भएको छ । यो टिम जनताको घरदैलो पुगेर मधेश बुझ्ने र राजनीति बुझाउने अवसर चैं पक्कै हो ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# राजनीतिमा युवाको आवश्यकता



ऋषिकेश यादव

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार नेपालमा युवा (राष्ट्रिय युवा नीतिअनुसार १६–४० उमेर समूहलाई युवा मानिएको छ) को जनसंख्या ४२.५६% अर्थात् १ करोड २४ लाख १२ हजार १ सय ७३ छ जुन २०६८ को तथ्यांक ४०.३३% अर्थात् १ करोड ६ लाख ८९ हजार ८ सय ४२ हो र २.२१% ले बढेर गएको देखिन्छ ।

युवा भनेको विचारमा नयाँपन, अध्ययनशील, वैचारिक तार्किक, देशप्रति जिम्मेवार र कर्तव्यनिष्ठ हुनुपर्छ । माओले भनेको थिए, ‘युवा, यो देश तिमीहरूको हो, यो देश हाम्रो पनि हो, तर, अन्तिममा यो देश तिमीहरूको नै हो ।’

यसो विचार गर्दा सबै राजनीतिक दलमा युवा छन् ? के युवालाई पार्टीको निर्णायक पदको भूमिका दिइएको छ ? के पार्टीमा भएका युवालाई पार्टीको आमसभा वा पार्टीको नाराजुलुसमा मात्रै खटाउने काम हो ? के जहिले पनि ६०–७० वर्ष कटेकाहरुको मात्रै पार्टी बनाउने र चलाउने हो ?

युवाले पार्टीमा नेतृत्व नलिएको होइन । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा र अर्को महामन्त्री विश्वप्रकाश शर्मा छन् । त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन छन् । त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने हुन् । सबै युवा नै हुन् । अन्य पार्टीमा भने युवा पछाडि नै छन् । वर्तमान अवस्था हेर्ने हो भने अब युवालाई हरेक राजनीतिक दलले पार्टीको नेतृत्वपंक्तिमा राख्नुपर्छ । जस्तैः अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सदस्यलगायतका पदमा युवा योग्य छन् । उदाहरणका लागि काठमाडौँ महानगरपालिकाका मेयर बालेन साह, धरान उपमहानगरपालिकाका मेयर हर्क साङ्पाङ यी दुवै युवा हुन् । यिनीहरुले काम गरिरहेकै छन् । अहिलेको अवस्था हेर्ने हो भने देशलाई युवा पिँढी आवश्यक छ ।

देशको शासनव्यवस्था परिवर्तनदेखि हरेक क्रान्ति र बदलावको अग्रमोर्चामा युवावर्गको त्याग, बलिदान, संघर्ष र सहभागिता अतुलनीय रहँदै आएको छ तर पनि हाम्रो देशमा परिवर्तित व्यवस्थाको व्यवस्थापक बन्ने अवसर अहिलेसम्म युवा वर्गले पाउन सकेका छैनन् । हरेक नीतिको मूलनीति मानिने राजनीतिलगायतका मूलभूत क्षेत्रमा युवा वर्गलाई उच्चस्तरमा योजना तथा नीति निर्माण र नेतृत्वदायी भूमिका निर्वाह गर्नबाट वञ्चित गर्न कतै घोषित त कतै अघोषित निस्तेजरुपी सीमा र षड्यन्त्रका पर्खाल यत्रतत्र खडा गरेको सहजै देख्न सकिन्छ ।

राजनीति फोहोरी खेल हो भन्ने चिर्न वा विस्थापित गर्न राजनीतिमा इमानदारिता, निश्पक्षता, विधिविधान तथा निश्चित प्रणाली एवम् प्रक्रियाको सर्वोच्चता कायम हुनैपर्छ । ७०–८० नाघिसेकका पाकाहरुले अब राजनीतिबाट सन्यास लिनुपर्छ । बरु अब आफ्नो परिवारका मान्छेलाई मौका नदिएर जुन युवा शिक्षित छ, सोच्न सक्ने क्षमता र सबैलाई मिलाएर लैजाने सक्ने युवालाई अगाडि बढाउनु पर्छ ।

शिक्षित युवालाई वडास्तरबाट नै राजनीतिमा सक्रिय पारिनुपर्छ । जुन युवाले नेताको चाकडी–चाप्लुसी गर्छ, त्यस्ता युवालाई वडास्तरको राजनीतिमा सक्रिय गराउनु हुँदैन । कुनै पनि समाज र राष्ट्रमा व्याप्त हरेक किसिमका बेथितिरुपी अन्धकार र निरासा चिरेर आसाको दीप प्रज्ज्वलित गर्नसक्ने ठोस क्षमता युवामा हुन्छ । वृद्धको अनुभव र युवाको आँकलन तथा वृद्धको होस र युवाको जोशबीचको सन्तुलन कायम गर्न पनि राजनीतिमा युवाको सहभागिता अपरिहार्य देखिन्छ ।

जुन युवा शिक्षित छ, ऊर्जावान छ र जोश जाँगर छ, त्यही युवालाई विदेशिन बाध्य पारिएको छ । जुन युवासँग नेतृत्व गर्दा चाहिने सबै गुण छ, त्यही युवा विदेशिन बाध्य छ । जुन युवाले नेताका अगाडि पछाडि गर्छन्, चाकडीचाप्लुसी गर्छन्, त्यही युवा पछि चुनावमा लड्ने मौका पाउँछन् । जुन युवा आफूमा सबै चिजले परिपक्व हुन्छन्, त्यही युवालाई चुनाव लड्ने मौका दिइँदैन । समाजले पनि आफ्नो सोच बदल्नु पर्छ । अब युवालाई अगाडि बढाउनु पर्छ । बुढापाकालाई राजनीतिबाट बिदाइ गर्नुपर्छ । समाजमा यदि एकता भयो भने मात्रै परिवर्तन ल्याउन सकिन्छ । अहिलेको अवस्थाले युवालाई अगाडि बढाउनुपर्छ भन्ने देखाइरहेको छ ।

विश्व राजनीतिलाई अलि नजिकबाट हेर्दा ३६ वर्षको उमेरमा दक्षिण पूर्वी युरोपियन देश मोन्टेनेग्रोमा वर्तमान राष्ट्रपति ज्याकोभ मिलाटोभिकले २०२३ मे २० देखि सत्ताको बागडोर सम्हाल्दै आएका छन् । त्यसैगरी, पश्चिम अफ्रिकी देश वुर्किना फासोका वर्तमान राष्टपति इब्राइम ट्राबर ३५ वर्षमा शासन सञ्चालन गरिरहेका छन् । फिनल्यान्डकी तत्कालीन प्रधानमन्त्री सन्न मरिन ३४ वर्षको उमेरमा सन् २०१९ मा प्रधानमन्त्रीका रुपमा आफूलाई उभ्याउँदै गर्दा मन्त्रिमण्डलभित्र अन्य ५ जना ३५ वर्ष भन्दा कम उमेर समूहका मन्त्रीमार्फत आफ्नो कार्यकाल सकाउँदै जुन २० मा बिदा भइन् । मरिन जस्तै अष्ट्रियामा दुई कार्यकाल चान्सलर बनेका सेबास्टियन क्रुज पहिलोपटक चान्सलर बन्दा जम्मा ३१ वर्षका थिए । त्यसैगरी २८ वर्षको उमेरमा पहिलोपटक सांसद निर्वाचित भएकी न्युजिल्यान्डकी तत्कालीन प्रधानमन्त्री (२०१७–२०२३) ज्यासिन्डा आरडेनले आफ्नो अब्बल नेतृत्वलाई सावित गरेकी छिन् । अझै रोचक त युगान्डाकी प्रोस्कोभिया एलेनगोट ओरोमाइट पहिलोपटक सांसद बन्दा जम्मा १९ वर्षकी थिइन् र अहिले पनि सांसदका रुपमा काम गरिरहेकी छिन् ।

एकपटक मेयर बनेका बालेन साहको अन्तर्वार्ता सुन्दा मेयर साहले भनेका थिए, ‘बालेन साहजस्तो युवा सबै पार्टीमा छ तर त्यही बालेन साह जस्तो युवालाई पार्टीले मौका दिँदैन ।’ विश्व राजनीतिले युवालाई सहभागी गराएर परिवर्तन पनि गरे अब नेपालको राजनीतिमा पनि युवालाई सहभागी गराएर परिवर्तनको बाटो खुला गरिनु पर्छ ।

निष्कर्षमा युवालाई अब अगाडि बढाउन अत्यन्त जरुरी छ । युवाले पनि जुन व्यक्तिले राजनीतिबाट सन्यास लिएको छ, त्यही व्यक्तिबाट पनि सल्लाह, सुझाव लिनुपर्छ । पछिल्लो समय मुख्यतः २०६२÷६३ पछि गरिएको विभिन्न अध्ययनअनुसार ‘राजनीतिमा युवा शोषित छन् र राजनीतिक स्वार्थका लागि युवाको प्रयोग हुँदै आएको छ ।’

**(यादव, राजर्षि जनक विश्वविद्यालयमा बीए एल एल बी (चौथो सेमेस्टर)मा अध्ययनरत छन्)**

# दाइजोसम्बन्धी कानुन पालना खोइ ?

रोशनकुमार झा

आजको एक्काइसौं शताब्दीको युगमा पनि नेपाली महिला दाइजो, बोक्सी, छाउपडी, बालविवाह, बहुपति, बहुपत्नीलगायतका कुप्रथा तथा कुसंस्कारजन्य गम्भीर प्रकृतिका हिंसा सहन बाध्य छन् । कतिपय महिला घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा, कार्यस्थलमा हुने, आर्थिक तथा सांस्कृतिक हिंसाको शिकार भई नैसर्गिक मानव अधिकारबाट समेत वञ्चित छन् । विश्वव्यापी समस्याको रुपमा व्याप्त लैङ्गिक हिंसालाई स्थान तथा परिवेशले फरक पार्दछ । धार्मिक, सांस्कृतिक, सामाजिक परिवेश, शिक्षा र चेतनाको स्तर, आर्थिक सशक्तीकरण र विश्वव्यापीकरणको प्रभावले गर्दा यसको स्वरूप र स्तरमा भिन्नता देखिन्छ ।

महिलाविरुद्ध हुने विभिन्न लैङ्गिक हिंसाहरूमध्ये दाइजो प्रथा पनि एक प्रमुख घरेलु हिंसाका रूपमा लिइएको छ । नेपाल डेमोग्राफिक हेल्थ सर्भेका अनुसार ३५ प्रतिशत महिलाहरू कुनै न कुनै हिंसाको शिकार भएका छन् । घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा र दाइजो धेरै नपाएको कारणबाट हुने हिंसालगायतका विभिन्न स्वरूपका लैङ्गिक हिंसाहरूबाट धेरै महिला पीडित छन् । २०६२/६३ को जनआन्दोलन भएलगतै मधेशबाट उठेको मधेश विद्रोहले देशलाई सङ्घीय शासन प्रणालीमा डो¥यायो । आज पनि मधेश प्रदेशमा दाइजो प्रथासँगै महिला हिंसाको घटनामा कमी आएको छैन । बढ्दो दाइजो प्रथाका कारण महिला हिंसाका घटनाहरू दिनदिनै बढिरहेका छन् ।

अहिले बदलिदो समयसँग दाइजो लिने स्वरूप पनि बदलिएको छ । दाइजो प्रथाले संस्कृतिको रुप लिन थालेपछि यसको मारमा न्यून आय भएका र आर्थिक अवस्था जर्जर भएका अभिभावक तथा तिनका सन्तति पर्ने गरेका छन् । बालिकाहरूको आर्थिक, सामाजिक एवम् शिक्षाको स्तर अत्यन्तै कमजोर रहेको सन्दर्भमा मधेश प्रदेश सरकारले ‘मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाऊँ’ अभियानले सार्थकता पाउन नसकेको तथ्य मधेश प्रदेशको महिला हिंसाको तथ्याङ्क र मागेजति दहेज नदिएको निहुँमा बुहारीहरू जलेको घटनाले प्रष्ट पार्छ । कन्या पक्षले विवाहको बेला वर पक्षलाई दिइने सम्पत्ति, नगद, गरगहना र उपहार आदिलाई दाइजो, दहेज र तिलक पनि भन्ने गरिन्छ । कुनै जात र समुदायमा छोरीको विवाहमा केटा पक्षलाई दिइने नगद, गरगहनालगायतको चल अचल सम्पत्ति दहेज वा दाइजो हो भने भनेको विवाहपूर्व केटी पक्षले केटा पक्षसँगको भेटमा दिइने नगद, लुगा, गरगहना आदि तिलक हो । प्राचीनकालमा, आफ्नो छोरी कसैको साथ सुम्पेपछि छोरी र ज्वाइँलाई नगद, वस्तु, आभूषण र छोरीलाई अर्काको घरमा बस्नलाई सहज होस् भन्ने पवित्र तर्कका आधारमा सुरु भएको दाइजो प्रथा आज विकराल होडबाजीको स्वरूप ग्रहण गरिसकेको छ । यस्तो अवस्थामा दाइजो लिनुदिनु अपराध मात्र नभएर पारिवारीक विग्रह र विखण्डन, शारीरिक तथा मानसिक यातना, बालविवाह, बहुविवाह, अनमेल र जबरजस्ती विवाह, स्त्री भ्रूण हत्या, हत्या, आत्महत्या तथा यौनजन्य हिंसा, महिलाको शिक्षा, स्वास्थ्य तथा आत्मबलमा कमी आउनुको मुख्य कारक तत्व पनि हो ।

**दाउजोको प्रचलन कसरी भयो ?**

पूर्वमध्यकालमा तिरहुतका राजा राजा हरिसिंह देवको शासनकालमा विद्वान वीच शास्त्रार्थ हुन्थ्यो । यसमा विजयी विद्वानलाई पुरस्कृत गरिन्थ्यो । सन् १३२४ मा राजा हरिसिंह देवले अविवाहित मैथिल ब्राह्मण युवकबीच शास्त्रार्थ गराएका थिए । लामो समयसम्म तर्कवितर्क चलिरह्यो र त्यसमा वेद, वेदान्त, योग र न्यायजस्ता विषय उठेका थिए । राजा हरिसिंह देवले ब्राह्मण युवकको विद्वता देखेर प्रभावित भए र अनौठो तरिकाले ती युवकलाई पुरस्कृत गरेका थिए । यद्यपि शास्त्रार्थमा भाग लिने युवक अविवाहित भएकाले पुरस्कारस्वरूप उनीहरूलाई एकएक सुन्दर बेहुली विवाह गर्ने मौका प्रदान गरेका थिए । त्यसपछि यसको आयोजना प्रत्येक वर्ष हुन थाल्यो । पहिले मैथिल ब्राह्मण युवकको सभा हुने गर्दथ्यो । यसमा उनीहरूबीच शास्त्रार्थ हुन्थ्यो र बेहुली पक्ष आफ्नी छोरीका लागि योग्य बेहुलाको खोजी गर्न त्यहाँ भेला हुन्थे । यसले मैथिली समाजमा बसालिदिएको शिक्षाका आधारमा वर चुन्ने परम्परा पछि विकृत बन्यो । छोरीको विवाहका लागि एउटै केटामाथि धेरैले दाबी गर्न थालेपछि लेनदेन रुपी दहेजले मिथिलामा प्रवेश पाएको भनिन्छ । मधेशी समाजमा छोरीलाई ‘पराया धन’ भन्ने प्रचलन अहिले पनि पाइन्छ । यो मान्यताका कारण छोरीलाई धेरै पढाउनेभन्दा छिट्टै विवाह गरिदिनु यहाँ उचित ठानिन्छ । छोरी दिन्छु, तर दाइजो दिन्नँ भन्ने अभिभावक बिरलै भेटिन्छन् । दाइजो होइन, गुणी बुहारी चाहिन्छ भन्ने अभिभावक पनि दुर्लभ छन् ।

**कानूनमा के छ ?**

पहिला–पहिला छोरीलाई पैतृक सम्पत्तिमा कानूनी अधिकार नभएको कारण छोरीको विवाहपछि पतिको घर पठाउँदा छोरीका आमाबुबाले आफ्नो आर्थिक हैसियतअनुसार स्वेच्छाले दाइजोस्वरूप चल सम्पत्ति दानस्वरूप दिने गर्दथे । तर अहिले मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ ले सगोलको सम्पत्तिमा पति, पत्नी, बाबु, आमा, छोरा, छोरीलाई समान अंशियार मानेको छ ।

नेपालको संविधानको धारा ३८ (१) ले प्रत्येक महिलालाई लैंगिक भेद्भाव बिना समान वंशीय हक हुनेछ भन्ने कुराको प्रत्याभूति गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७४ ले आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने भनेको छ । दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न नहुने समेत भनेको छ । यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने तथा कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने मुलुकी अपराध संहिताले व्यवस्था गरेको छ । मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने व्यवस्था गरेको छ । तर कानुनको प्रभावकारी कार्यान्वयन नहुनु हाम्रो जस्तो लिखित संविधान भएको मुलुकको लागि विडम्बनाको विषय हो । विधायिकाले कुनै कानुन बनाउँछ भने कार्यपालिकाले त्यसलाई अक्षरशः लागू गर्नुपर्छ । सर्वोच्च अदालतबाट पनि विभिन्न समयमा विभिन्न मुद्दाहरूमा निर्णय भएको छ ।

विवाह सम्पन्न गर्ने शिक्षित बरबधुले पनि कुपरम्पराबाट ग्रसित आमा बुबा लगायत अभिभावकको कारण खर्चिलो तिलक र दाइजोका साथै भड्किलो रूपमा विवाह सम्पन्न गर्ने गरेको देखिन्छ । तसर्थ यसको नियन्त्रण हेतु दाइजोसम्बन्धी विशेष ऐनको खाँचो देखिन्छ । कानुन लागू गर्न नसक्नु भनेको सार्वभौम राष्ट्रको कानुन बनाउने काममा सार्वभौम संसदको आदेश पालना नगर्नु हो । तसर्थ विशेष कानुन बनाएर बाध्यात्मक र अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्छ । दाइजोविरुद्धको अभियानलाई थप सशक्त र प्रभावकारी बनाउन नीतिगत र संस्थागत सुदृढीकरण, सरोकारवाला पक्षहरूबीच समन्वय, साझेदारी र सहकार्य प्रवद्र्धन हुनु आवश्यक छ । दाइजो नियन्त्रणका लागि कानुन र राज्य मात्रको एकल प्रयासले सम्भव नहुने हुँदा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकार जगत र सर्वसाधारण नागरिकको सक्रिय भूमिका र सहकार्य अपरिहार्य रहेको हुँदा एक अर्कामा सामाञ्जस्यता र सहकार्य गरेर अगाडी बढनु पर्दछ । मधेश प्रदेशका जिल्लाहरूमा विकराल समस्याको रूपमा रहेको दाइजो प्रथा हटाउन स्थानीय तहका जनप्रतिनिधिहरू विशेषरूपमा अग्रसर हुनुपर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरूसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बढ्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ।कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# कैलाली भन्सार राजस्व संकलन प्रभावित



**रासस**
**टीकापुर ।**
कैलालीका भन्सार कार्यालयमा गत आर्थिक वर्ष २०७९/८० मा लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन सकेको छैन । दुई भन्सार कार्यालय रहेको कैलालीमा भन्सार विभागले तोकेको लक्ष्यभन्दा कम राजस्व उठेको छ । कैलाली भन्सार कार्यालयलाई गत आव २०७९÷८० मा भन्सार विभागले १२ अर्ब ३० करोड ६६ लाख ७८ हजार रुपैयाँ राजस्व उठाउने लक्ष्य तोकेको थियो । तर उक्त आवमा आठ अर्ब २९ करोड ६३ लाख रुपैयाँ मात्र राजस्व उठेको छ । यो लक्ष्यको ६७ दशमलव ४१ प्रतिशत मात्र भएको भन्सार कार्यालय कैलालीका सूचना अधिकारी पवित्रकुमार खड्काले बताए ।

बैंक तथा वित्तीय संस्थामा देखिएको समस्याका कारण व्यापारिक वातावरण नहुँदा राजस्व कम सङ्कलन भएको उनले बताए । टीकापुर नगरपालिकाको सीमामा रहेको सत्ती भन्सार कार्यालय खक्रौलाबाट पनि लक्ष्यअनुसार राजस्व उठ्न सकेको छैन । भन्सार विभागले सत्ती भन्सारलाई आव २०७९/८० मा १६ करोड ९४ लाख, ४२ हजार रुपैयाँ राजस्व उठाउने लक्ष्य तोकेको थियो । सो अवधिमा सत्ती भन्सारले सात करोड, ३८ लाख, ८९ हजार रुपैयाँ मात्र राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यको ४४ प्रतिशत मात्र भएको सत्ती भन्सार कार्यालय खक्रौलाका निमित्त प्रमुख तुलसीराम चौधरीले बताए ।

'आर्थिकमन्दी, भन्सार कार्यालयमा क्वारेन्टाइन र प्लान्ट कार्यालय नहुँदा राजस्व सङ्कलन कम भएको हो', उनी भन्छन् । कैलालीका भन्सार कार्यालयबाट आयातबाट मात्र राजस्व उठ्ने गर्छ । यी भन्सार भएर पेट्रोलियम पदार्थ, कपडा, मोटर पार्टस, हार्डवेयरका सामान, चामल, गहुँ, पापड, भुजिया, दालमोठ, बिस्कुटलगायत बस्तुको आयात अत्यधिक हुने गरेको छ । तर निर्यात भने न्यून मात्रामा हुने गरेको चौधरीले बताए ।

स्थानीयवासीले सत्तीमा क्वारेन्टाइन कार्यालय स्थापनाको माग गर्दैआएका छन् । सत्ती भन्सारमा रहेको क्वारेन्टाइन कार्यालय सशस्त्र द्वन्द्वका बेला विस्थापित भएको थियो । 'विस्थापित भएका धेरै कार्यालय खुले । तर क्वारेन्टाइन पुनःस्थापना हुन सकेन', स्थानीय सङ्गम चौधरी भन्नुहुन्छ, 'क्वारेन्टाइन नभएका कारण पनि भन्सारले गति लिन सकेन, यहाँका व्यापारीलाई समेत दुःख भएको छ ।'

# पूर्वीनाकाबाट बढ्यो कृषिजन्य वस्तुको निर्यात




**रासस**
**झापा ।**
पूर्वी नाका काँकडभिट्टाबाट कृषिजन्य वस्तु अलैँची, चिया, अदुवा र अम्रिसोको निर्यात बढेको छ । मेची भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीका अनुसार आर्थिक वर्ष २०७९/८० मा आठ अर्ब २४ करोड १५ लाख १३ हजार रुपैयाँ मूल्य बराबरको ९९ लाख ३१ हजार ५०४ केजी अलैँची भारत निकासी भएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा सोही अवधिमा चार अर्ब ७६ लाख ४३ हजार ८९ हजार रुपैयाँ मूल्य बराबरको ५२ लाख ८० हजार चार सय ४३ केजी अलैँची भारत निकासी भएको थियो । गत आवको तुलनामा आर्थिक वर्ष २०७९/८० मा अलैँचीको निर्यात ४२ प्रतिशतले वृद्धि भएको हो । अर्थात् तुलनात्मक रूपमा तीन अर्ब ४७ करोड ७१ लाख २४ हजार रुपैयाँ मूल्य बराबरको अलैँची निर्यात वृद्धि भएको छ ।

यसैगरी, गत आवको तुलनामा आर्थिक वर्ष २०७९/८० मा तयारी चियाको निर्यात १६ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० मा तीन अर्ब ४२ करोड ६९ लाख ५२ हजार रुपैयाँ मूल्य बराबरको एक करोड ६० लाख ७८ हजार ६३ केजी चिया निर्यात भएको प्रमुख भन्सार अधिकृत रेग्मीले बताए । उनले अघिल्लो वर्षको तुलनामा ५५ करोड २३ लाख ४२ हजार रुपैयाँ मूल्य बराबरको चिया निर्यात वृद्धि भएको बताए । आव २०७८/७९ मा दुई अर्ब ८७ करोड ४६ लाख १० हजार रुपैयाँ मूल्य बराबरको एक करोड १७ लाख १३ हजार छ सय ५९ केजी चिया निर्यात भएको थियो ।

अदुवा र अम्रिसोको निर्यात समेत बढेको छ । आर्थिक वर्ष २०७९/८० मा ६३ करोड ९२ लाख २९ हजार रुपैयाँ मूल्य बराबरको एक करोड ५५ लाख ४२ हजार नौ सय ३० केजी अदुवा निर्यात भएको प्रमुख भन्सार अधिकृत रेग्मीले बताए । उनका अनुसार अघिल्लो वर्षको तुलनामा ३० करोड २३ लाख छ हजार रुपैयाँ मूल्य बराबरको अदुवा निर्यात वृद्धि भएको छ । आव २०७८/७९ मा ३३ करोड ६९ लाख २३ हजार रुपैयाँ मूल्य बराबरको एक करोड चार लाख ५८ हजार ७० केजी अदुवा निर्यात भएको थियो ।

अदुवाको निर्यात ४७ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, आर्थिक वर्ष २०७९/८० मा ८६ करोड ४३ लाख रुपैयाँ मूल्य बराबरको एक करोड १९ लाख ७३ हजार ९८० केजी अम्रिसो भारततर्फ निकासी भएको छ । प्रमुख भन्सार अधिकृत रेग्मीका अनुसार अघिल्लो वर्षको तुलनामा २३ करोड ५३ लाख १९ हजार रुपैयाँ मूल्य बराबरको अम्रिसो निर्यात वृद्धि भएको छ । आव २०७८/७९ मा ६२ करोड ८९ लाख ८१ हजार रुपैयाँ मूल्य बराबरको एक करोड २४ लाख ४३ हजार २४५ केजी अदुवा निर्यात भएको थियो । अम्रिसोको निर्यात २७ प्रतिशतले वृद्धि भएको छ ।

प्लाइउड र छुर्पीको निर्यात उत्साहजनक

पूर्वी नाकाबाट निकासी हुने वस्तुमा प्लाइउड र छुर्पीको योगदान उच्च रहेको छ । गत आवको तुलनामा आर्थिक वर्ष २०७९/८० मा यी दुई वस्तुको निर्यात अत्यन्त उत्साहजनक रहेको छ । मेची भन्सार कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा एक अर्ब ९९ करोड १० लाख ११ हजार रुपैयाँ मूल्य बराबरको प्लाइउड निकासी भएको छ । जवकी आर्थिक वर्ष २०७८/७९ मा १० करोड ८० लाख ५७ हजार रुपैयाँ मूल्य बराबरको प्लाइउड निकासी भएको थियो ।

यसैगरी, आर्थिक वर्ष २०७९/८० मा एक अर्ब १० करोड ८१ लाख ११ हजार रुपैयाँ मूल्य बराबरको छुर्पी निकासी भएको छ । जवकि आर्थिक वर्ष २०७८÷७९ मा आठ करोड ४३ लाख ३५ हजार रुपैयाँ मूल्य बराबरको छुर्पी निकासी भएको थियो । कोशी प्रदेशका झापा, इलाम, पाँचथर लगायतका विभिन्न जिल्लामा चियाको उत्पादन हुने गरेको छ भने पहाडी भेगका इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटा, तेह्रथुम, भोजपुरलगायतका जिल्लामा अलैँची, अदुवा, अम्रिसो, छुर्पी जस्ता कृषिजन्य बस्तुको उत्पादन हुने गरेको छ ।

पहाडी जिल्लामा कच्चापदार्थ उत्पादन भए तापनि अलैँची, अदुवा, अम्रिसो र प्लाइउडको प्रशोधन, भण्डारण र ब्राण्डिङ भने झापामा हुँदै आएको छ ।

# नेपालमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वान




**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री डा प्रकाशशरण महतले नेपाल लगानी र प्रतिफलको दृष्टिले उर्बर रहेकाले निर्धक्कसँग लगानी गर्न आह्वान गरेका छन् ।

भारतको गुजरात चेम्बर अफ कमर्सले मङ्गलबार गुजरातमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतले भारतीय उद्योगी व्यवसायीलाई नेपालमा लगानी गर्न आह्वान गरेको अर्थ मन्त्रालयले जनाएको छ । भर्खरै मात्र भारतसँग दश हजार मेघावाट जलविद्युत् निर्यात गर्ने सहमति भएको र यसले नेपालमा जलविद्युत् उत्पादन प्रोत्साहित हुने र धेरै विद्युत् खपत गर्ने उद्योगलाई समेत प्रशस्त सम्भावनाका ढोका खोलेको उनले बताए । नेपालमा जलविद्युत् बाह्रै महिना सस्तो दरमा उपलब्ध हुने अवस्था आइसकेको, नेपालबाट उत्पादित सामानले भारतमा पनि सहज पहुँच प्राप्त गर्ने हुँदा लगानीमा सहजता बढ्दै जाने क्रममा रहेको मन्त्री महतले उल्लेख गरे । नेपालमा विद्युत् मात्र नभई कृषि उद्यम, सूचना प्रविधि पर्यटनसमेत आकर्षक क्षेत्र रहेको, कृषि तथा पर्यटन उद्योगमा लगानीको अपार सम्भावना रहेको तथा प्रतिफल फिर्ता लैजान नीतिगतरूपमा कुनै समस्या पनि नरहेकाले निर्धक्क भई लगानी गर्न उनले लगानीकर्तालाई अनुरोध गरे ।

नेपालमा सूचना प्रविधिको विकासले गति लिन थालेको र प्रशस्तै जनशक्तिको उपलब्धताले गर्दा लगानीकर्तालाई झनै आकर्षित गर्नसक्ने र भारतमा भन्दा सस्तो दरमै जनशक्ति उपयोग गर्न सकिने हुँदा प्रतिस्पर्धी क्षमतासमेत बढ्न सक्ने सम्भावना रहेको मन्त्री महतले बताए । गुजरात उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष सन्दीप इन्जिनियरले गुजरातका उद्योगी व्यवसायी नेपालमा लगानी विस्तार तथा व्यवसाय स्थापना गर्न इच्छुक रहेको उल्लेख गर्दै त्यसका लागि प्रक्रियागत सहजीकरण गरिदिन अनुरोध गरे । कार्यक्रममा अर्थ मन्त्रालय र दिल्लीस्थित नेपाली दूतावासका अधिकारीहरूले नेपालमा लगानी क्षेत्र तथा सम्भावनाका विषयमा भारतीय उद्योगी व्यवसायीलाई जानकारी गराए ।

# कञ्चनपुर भन्सारः लक्ष्यको ७१ प्रतिशत मात्रै राजस्व सङ्कलन




**रासस**
**महेन्द्रनगर ।**
मन्दी र आयात घटेका कारण कञ्चनपुर भन्सार कार्यालयले लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न सकेन । गत आर्थिक वर्ष २०७९÷८० मा भन्सार कार्यालयले वार्षिक ५८ करोड ९० लाख रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य लिएको भए पनि ४२ करोड १० लाख रुपैयाँ मात्रै सङ्कलन भएको भन्सार कार्यालयले जनाएको छ ।

कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीका प्रमुख भन्सार अधिकृत ध्रुव विश्वकर्माले वार्षिक लक्ष्यको ७१.४ प्रतिशत राजस्व सङ्कलन भएको जानकारी दिए ।

'आयातमुखी भन्सार भए पनि यहाँ आयात नै घटेकाले राजस्व सङ्कलनमा कमी आएको हो', उनले भने 'मुलुकमा रहेको आर्थिक तरलताको असर पनि राजस्व सङ्कलनमा परेको छ ।' उनले अघिल्लो आवमा पनि ६ करोड रुपैयाँ राजस्व सङ्कलन लक्ष्यभन्दा कम भएको बताए । अघिल्लो वर्ष भन्सारले ५२ करोड ७७ लाख रुपैयाँ राजस्व सङ्कलन गर्नुपर्नेमा ४६ करोड २२ लाख रुपैयाँ सङ्कलन गरेको थियो ।

गड्डाचौकी नाकाबाट दैनिक उपभोग्य सामग्री, लत्ताकपडा, विद्युतीय सामग्री, फलफूल र तरकारी लगायतका सामग्रीहरू भारतबाट आयात हुने गरेको छ ।

महाकाली नदीमा रहेको शारदा ब्यारेक (बनबासा पुल) सीमित समय खुल्ने गरेको र ठूला चारपाङ्ग्रे सवारीसाधन पुलमा आवागमनमा समस्या भएकाले यहाँबाट अन्यत्रजस्तो ठूलो परिणाममा आयात नहुने गरेको भन्सार कार्यालयको भनाइ छ ।

यहाँ प्रस्तावित दोधारा चाँदनी सुक्खा बन्दरगाह निर्माण भए यहाँ आर्थिक गतिविधिसमेत बढ्ने आशा गरिएको छ । बेलौरी छोटी भन्सारमा भने तालाबन्दी

कैलाली भन्सार कार्यालय मातहत रहेको कञ्चनपुर जिल्ला बेलौरी नगरपालिकाको बेलौरी छोटी भन्सार प्रयोगविहीन भए पनि स्थानीयवासी आन्दोलित छन् । छोटी भन्सार कर्मचारीविहीन, मर्मतसम्भारविहीन बनेपछि बेलौरी उद्योग वाणिज्य सङ्घ र स्थानीय व्यापारी त्यसको विरोधमा तालाबन्दी गरेका छन् । कैलाली भन्सारको चरम लापरबाही बेवास्ताले बेलौरी छोटी भन्सार ओझेलमा परेको आन्दोलतर पक्षको भनाइ छ ।

विसं १९१७ अर्थात् एक सय ६३ वर्षपहिले कैलाली कञ्चनपुरको मुख्य भन्सारका रूपमा स्थापित बेलौरी भन्सार सदरमुकाम विस्थापित गराएको केही वर्षपछि कञ्चनपुर भन्सारअन्तर्गत छोटी भन्सारमा परिणत भई सञ्चालनमा रहँदा राजस्व सङ्कलनसमेत राम्रै हुने गरेको थियो । केही वर्षयता प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको छोटी भन्सार सञ्चालनका लागि मन्त्रीदेखि नेतासम्मले आश्वासन दिए पनि त्यो अझै पूरा हुन सकेको छैन ।

# नेप्सेमा दोहोरो अङ्कको वृद्धि

**रासस**
**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ । नेप्से परिसूचक ११ दशमलव १७ अङ्कले बढेर दुई हजार एक सय ६५ दशमलव २४ अङ्कमा कायम भएको हो । बुधबार दुई सय ६० कम्पनीको ८६ लाख ७४ हजार एक सय नौ कित्ता शेयर ५१ हजार चार सय ४५ पटक खरिद बिक्री हुँदा तीन अर्ब ३४ करोड ८६ लाख ७९ हजार नौ सय रुपैयाँ बराबरको कारोबार भएको छ ।

बैंकिङ समूह २९ दशमलव ६६, विकास बैंक समूह ४९ दशमलव १५, उत्पादन तथा प्रशोधन समूह ६६ दशमलव २२, म्युचुअल फन्ड शून्य दशमलव ०४ र व्यापार समूह एक सय २८ दशमलव ७८ अङ्कले बढेको छ । बाँकी अरु समूहको उपसूचक भने घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ४८ दशमलव ७६ अङ्कले घटेको छ ।

त्यस्तै, वित्त १८ दशमलव ६४, होटल तथा पर्यटन ३७ दशमलव ६५, जलविद्युत् १९ दशमलव ६८, लगानी शून्य दशमलव २६, जीवन बीमा समूह ४८ दशमलव ७६, लघुवित्त २० दशमलव ८३, निर्जीवन बीमा एक दशमलव ८९ र अन्य समूह १५ दशमलव ११ अङ्कले घटेको छ ।

बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनआइबीएल समृद्धि फन्ड–२ को शेयर मूल्य नौ दशमलव ६४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धेरै युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको २३ करोड ५७ लाख ४५ हजार चार सय ५७ रुपैयाँ बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने कुमारी बैंक लिमिटेडको चार लाख ५३ हजार नौ सय सात कित्ता शेयर किनबेच भएको छ ।

# अखाद्य वस्तु प्रयोग गर्ने पानीपुरी पसल बन्द

**रासस**
**रत्ननगर ।**
अखाद्य वस्तु प्रयोग गरेको पाइएपछि भरतपुरका दुई पानीपुरी बनाउने पसल बन्द गरिएको छ ।

भरतपुर महानगरपालिकाले गरेको बजार अनुगमनमा भरतपुर–१० का दुई पानीपुरी बनाउने पसलले अखाद्य वस्तु प्रयोग गरेको पाइएपछि तिनलाई बन्द गराइएको हो । सप्तगण्डकी चोक र ज्ञानदर्शन सडकमा रहेको पानीपुरी बनाउने दुई पसल बन्द गराइएको महानगरपालिकाले जनाएको छ ।

बजारमा अखाद्य वस्तु खुलेआम बिक्री वितरण भइरहेको लिखित उजुरी आएपछि महानगरले ती पसलमा अनुगमन गरेको थियो ।

वडाध्यक्ष परमेश्वर खनालले भने 'यी दुवै पानीपुरी पसल बन्द भएका छन्, अब सरसफाइ गरेर प्रक्रिया पु¥याएर आए विचार गर्नसकिन्छ ।'

अनुगमनका क्रममा पानीपुरी पसल दर्ता नगरी सञ्चालन गरिएको र पानीपुरी बनाउन प्रयोग गरिने मसला, अमिलो एवं रङ अखाद्य भेटिएको छ । त्यसैगरी अनुगमन समितिले भरतपुर–१० अस्पताल सडकमा रहेको न्यु थकाली होटल एण्ड तन्दुरी रेष्टुरेन्ट र छहारी तन्दुरी होटलले अखाद्य तेल प्रयोग गरेको, सरसफाइमा ध्यान नदिएको, भान्छामा खाना पकाउदा सावधानी नअपनाएको पाइएको समितिले जनाएको छ । अनुगमनका क्रममा अघिल्ला आर्थिक वर्षमा गरिएको बजार अनुगमन निकै प्रभावकारी भएको उल्लेख गर्दै महानगरउपप्रमुख चित्रसेन अधिकारीले चालु आर्थिक वर्षमा पनि बजार अनुगमनले थप निरन्तरता पाउने बताए । उनले भने 'यो वर्ष महानगरले बजार अनुगमनलाई अझ सशक्त रूपमा लैजाने तयारी गरी काम सुरु गरेको छ ।' स्वच्छ एवं उपभोक्तामैत्री व्यापारिक क्रियाकलापका लागि महानगरको बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समितिले अनुगमनलाई निरन्तरता दिएको हो । बजारको नियमित अनुगमनका लागि महानगरले निरीक्षण अधिकृत र अनुगमन टोली बनाएर बजार अनुगमन गर्ने कामलाई तीव्र बनाएको छ । अनुगमनमा खाद्यान्न, तरकारी, मरमसला, फलफूल, माछा, मासु, दूध तथा दुग्धजन्य खाद्य वस्तुको मूल्य र गुणस्तर हेर्ने गरिएको अधिकारीले बताए । बजार अनुगमन समितिका सदस्य विष्णुबहादुर भुजेलले होटल तथा खाद्य बस्तुका मात्रै नभइ सबै प्रकारका क्षेत्रमा महानगरले छड्के अनुगमन गर्ने गरेको बताए । उपभोग्य सामान मात्र बिक्री वितरण गराउन सकियोस् भन्ने उद्देश्यले अनुगमनलाई तीव्र बनाइएको महानगरपालिकाले जनाएको छ ।

# सिँचाइको विद्युत् महसुलमा ५० प्रतिशत अनुदान

**रासस**
**त्रिवेणी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोती नगरपालिकाले कृषि सिँचाइ मिटरको विद्युत् महसुलमा ५० प्रतिशत अनुदान दिने भएको छ । नगरपालिकाले चालु आर्थिक वर्षबाट सिँचाइ मिटरको शुल्कमा ५० प्रतिशत अनुदान दिने गरी कार्यक्रम तय गरेको कावासोती नगरपालिका नगर प्रमुख विष्णुप्रसाद भुसालले बताए । कृषि पेसा गरेका किसानलाई सिँचाइमा सुविधा दिने योजनाअनुसार नगरपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरेको र सोही अनुसार बजेटसमेत व्यवस्थापन गरेको नगर प्रमुख भुसालले बताए । सिँचाइको समस्याका कारण उत्पादनमा कमी नआओस् भनेर सिँचाइमा अनुदान दिन लागेको उनले बताए । किसानलाई सिँचाइ मिटरमा अनुदान दिँदा कृषि उत्पादनको लागत थोरै भए पनि घटाउन सहयोग पुग्ने र किसानले उत्पादन गर्ने कृषि उपजबाट धेरै आम्दानी गर्न सक्ने भएकाले सिँचाइ मिटरको शुल्कमा अनुदान दिन लागिएको नगर प्रमुख भुसालले बताए । 'किसानलाई प्रत्यक्ष रूपमा लागतमा अनुदान प्रदान गर्दै सिँचाइका कारण उत्पादनमा कमी हुन नदिने र उत्पादन लागत घटाउने हाम्रो उद्देश्य हो, सोही अनुसार ५० प्रतिशत अनुदान दिने योजना बनाएका छौँ', नगर प्रमुख भुसालले भने 'यो वर्ष कार्यक्रम कार्यान्वयन गर्ने गरी लागेका छौँ ।'

कावासोती नगरपालिकाले नगरभित्र रहेका कृषि फार्म, समूह, सहकारीमा रहेका कृषि सिँचाइ मिटरको शुल्कमा ५० प्रतिशत अनुदान दिन लागेको कावासोती नगरपालिका कृषि विकास शाखाका प्रमुख शिवनारायण कुमालले बताए ।

# युक्रेन सङ्कट समाधानका निम्ति वार्ता कूटनीतिमा भारतको जोड



**एएनआई**
**न्यूयोर्क ।**
भारतले युक्रेन सङ्कट समाधानका निम्ति वार्ता कूटनीतिमा जोड दिएको छ । जारी युक्रेन द्वन्द्वप्रति चिन्ता व्यक्त गर्दै भारतले वार्ता कूटनीतिमा जोड दिएको हो ।
संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले संयुक्त राष्ट्रसङ्घको वार्षिक साधारणसभामा भएको युक्रेन बहसमा जारी द्वन्द्वप्रति भारतको गहिरो चासो व्यक्त गर्दै शत्रुताको तत्काल अन्त्य गर्नका साथै वार्ता र कूटनीतिमा फर्कन आग्रह गरे ।
उनले यो युद्धको युग नभइ वार्ता र कूटनीतिको भएकाले त्यसकै माध्यमबाट सङ्कटको निकास खोजिनुपर्नेमा जोड दिए ।
द्वन्द्वका कारण विशेषगरी महिला, बालबालिका र वृद्धवृद्धाहरुको ज्यान गएको, दुवै देशका जनता पीडामा परेका उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधिले युक्रेनको अवस्थालाई लिएर भारत चिन्तित भएको बताए ।
उनले लाखौँ घरबारविहीन भएका, तीमध्ये अधिकांश छिमेकी देशहरूमा शरण लिन बाध्य भएका, नागरिक पूर्वाधारमा भएका आक्रमणले परिस्थितिलाई अझ जटिल एवम् चिन्ताजनक बनाएको बताए । उनले रुस–युक्रेन द्वन्द्वका कारण उत्पन्न हालैका घटनाक्रमप्रति भारत चिन्तित भएको बताउँदै शान्ति र स्थायित्वका निम्ति दुवै पक्षलाई वार्तामा बस्न आग्रह गरे ।
'हामीले शत्रुताको तत्काल अन्त्य, वार्ता र कूटनीतिको मार्गमा तत्काल फर्कनका निम्ति सबै प्रयासहरू गर्न आग्रह गरेका छौं ।
हामी सबैले सदस्यता लिने विश्वव्यापी व्यवस्था अन्तरराष्ट्रिय कानून, संयुक्त राष्ट्रसङ्घको बडापत्र र क्षेत्रीय अखण्डताको सम्मानमा आधारित भएकाले सबै राज्यको सार्वभौमसत्ताको सम्मान हुनुपर्नेमा भारत दृढ छ,' रुस र युक्रेनबीच पुनःमैत्री कायम गर्दै उक्त क्षेत्रमा शान्ति कायम गर्ने वार्ताको विकल्प नभएको भारतीय अवधारण प्रस्तुत गर्नदै स्थायी प्रतिनिधिले भने ।
प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेन र रुसका शीर्ष नेतालाई 'यो युद्धको युग होइन' भन्ने कुरामा जोड दिएको दोहोर्‍याउँदै स्थायी प्रतिनिधिले कम्बोजले मानव जीवनको मूल्यमा कुनै पनि हालतमा समाधान हुन नसक्ने विषयमा निरन्तर आवाज उठाएको तथा बढ्दो हिंसाले कसैको हित नहुने भएकाले मतभेद र विवाद समाधानको एक मात्र उपाय कूटनीति र वार्ता नै भएको बताए । शान्ति स्थापनाका निम्ति कूटनीतिका सबै माध्यम खुला राख्न आवश्यक भएको उनले बताए ।

# सवारी दुर्घटनामा चौतीस जनाको मृत्यु

**एएफपी**
**अल्जियर्स ।**
अल्जेरियाको दक्षिणी भागमा बुधबार बिहान यात्रीवाहक एउटा बस दुर्घटना हुँदा ३४ जनाको मृत्यु भएको छ भने अन्य १२ जना घाइते भएका छन् । राजधानी अल्जियर्सबाट करिब दुई हजार किलोमिटर पर अवीसथत तामनरासेट शहरमा यात्रीबाहक बस र औद्योगिक उत्पादन बोकेको बाहन एकआपसमा ठाक्किँदा उक्त हताहति भएको उद्धारामा संलग्न एक अधिकारीले बताएका छन् ।
दुई वटा सवारी साधन ठोक्किँदा बसमा आगोलोको थियो ।
उद्धारकर्मीहरुले जलेका केही लाश निकालेका छन् । दुवै सवारी साधन द्रुतगतिमा रहेकाले उक्त दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ । गत वर्ष अल्जेरियामा २३ हजार सवारी दुर्घटना भएका थिए । ती दुर्घटनामा तीन हजार चार सय नौ जनाको ज्यान गएको तथा ३० हजारभन्दा बढी घाइते भएको सडक सुरक्षासम्बन्धी सरकारी निकायले जनाएको छ ।

# फ्रान्सेली दङ्गामा सात सयभन्दा बढीलाई जेल सजाय

**एएफपी**
**पेरिस ।**
फ्रान्समा गत महिनाको अन्त्यमा भएका दङ्गामा सात सयभन्दा बढीलाई जेल सजाय सुनाइएको छ ।
मुद्दाहरूको द्रुत गतिमा सुनुवाइ भएकामा अदालतको प्रशंसा गर्दै फ्रान्सेली न्यायमन्त्रीले त्यसबाट केही प्रतिवादी वकिलहरूलाई चिन्तामा पारेको बताएका छन् ।
बुधबारसम्म एक हजार दुई सय ७८ निर्णय सुनाइएकामा ९५ प्रतिशतभन्दा बढी प्रतिवादीहरू तोडफोड, चोरी, आगजनी वा प्रहरी अधिकारीहरूलाई आक्रमण गर्ने अभियोगमा दोषी ठहरिएका जानकारी उनले आरटीएल रेडियोलाई दिएका छन् ।
न्यायमन्त्री एरिक डुपोन्ड मोरेट्टीका अनुसार करिब छ सय जनालाई पहिले नै जेल पठाइएको छ ।
देशमा शान्तिसुव्यवस्था कायम गर्न त्यसो गर्नुको विकल्प थिएन । सन् २००५ पछि फ्रान्समा यति विशाल हुलदङ्गा एवम् हिंसात्मक झडप भएका थिएनन् ।
गत जुन २७ मा एक जना प्रहरी अधिकारीले १७ वर्षका फ्रान्सेली–अल्जेरियन किशोरलाई गोली हानेपछि देशभर हिंसा भड्किएको थियो । सुरक्षाकर्मी र प्रदर्शनकारीबीच चार दिन चार रात गम्भीर झडपपछि स्थिति नियन्त्रणमा आएको थियो ।
त्यसका लागि ४५ हजार सुरक्षाकर्मी सशस्त्र सवारी साधनका साथ परिचालन भएका थिए ।

# फुटबल खेल्न जान लागेकी सावित्राको बिदाइ

**मधेशदृष्टि**
**काठमाडौं ।**
व्यावसायिक फुटबल खेल्न इजरायल जान लागेकी नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी गोलमेसिन सावित्रा भण्डारीलाई बिदाइ गरिएको छ । नेपाली टिमकी फरवार्ड सावित्रा इजरायलको क्लब हापोएल रानानाबाट लिग खेल्नका लागि इजरायल जान लागेकी हुन् ।
सावित्रा अगष्ट १ मा ईजरायल जानेछिन् । सिंहदरबारमा भएको कार्यक्रममा युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु, अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष पंकजविक्रम नेम्बाङ, नेपालका लागि इजरायली राजदूत हनन् गोदर लगायतले बिदाइ गरेका हुन् ।
हापोएल रानानाले सावित्रासँग सम्झौता गरिसकेको छ । एसियाली भूमिमा पर्ने भए पनि इजरायल युरोपेली महादेशको फुटबल महासंघमा सदस्य छ । नेपाल मात्र नभएर दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये एक रहेकी सावित्राले लामो समयदेखि युरोपमा खेल्ने सपना राखेकी थिइन् र त्यसका लागि उपयुक्त अवसरको खोजीमा थिइन् । युरोपमा खेल्ने आफ्नो सपना पूरा हुन लागेको भन्दै सावित्राले खुसी व्यक्त गरिन् ।
'मेरा लागि यो फरक र नयाँ गन्तव्य हो, मेरा लागि यो नयाँ चुनौती हो, म त्यसका लागि तयार छु', भारतीय क्लबबाट व्यावसायिक लिग खेलिसकेकी सावित्राले भनिन् ।
मन्त्री लिम्बुले सावित्रा नेपाली फुटबलमा ठूलो संभावना बोकेको खेलाडी रहेको भन्दै भन्दै ईजरायलमा पनि राम्रो खेल प्रदर्शन गर्न शुभकामना दिए । एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङले नेपालको खेलाडीले युरोपको क्लबमा खेल्न पाउनु खुसीको अवसर रहेको बताए । नेपालका लागि इजरायली राजदूत हानन गोदरले यो खुशीको क्षण भएको र सावित्राको खेल हेर्न सबै प्रतिक्षारत रहेको बताए । घरेलु फुटबलमा विभागीय टोली एपीएफबाट खेल्ने सावित्राले भारतीय महिला लिगमा दुई फरक क्लबबाट खेल्दै तीन उपाधि जितिसकेकी छन् ।
केही समयअघि समाप्त भारतीय महिला लिगमा उनले गोकुलम केरलाबाट खेल्दै उपाधि जितेकी थिइन् । जहाँ उनी २९ गोल गर्दै सर्वपाधिक गोलकर्ताको अवार्ड जित्न सफल भइन् । यसअघि उनले सेथु एफसी र गोकुलम केरलाबाटै लिग उपाधि जितेकी थिइन् ।

# 'सैनिकहरूले खाल्डोमा दर्जनौँ शव फालेको देखेँ'

**बिबिसी ।**
सुडानको पश्चिम क्षेत्रमा अवस्थित डार्फरमा आफूले देखेको कहालीलाग्दो घटना सम्झिएर मालिम अझै विचलित हुन्छन् । उनी सुडानबाट भागेर अहिले शरण लिन चाड आइपुगेका छन् । 'मैले तपाईँहरूलाई यी तस्बिर र भिडिओ देखाएको वा मैले यी खिचेको छु भन्ने थाहा पाए भने म जोसँग काम गर्थें उनीहरूले मलाई जीवित छाड्ने छैनन्,' आफ्नो फोनमा भएका तस्बिर देखाउँदै उनले भने । उनले ती दृश्य अल–जेनीना सहरमा खिचेका हुन् । उनको सुरक्षालाई ध्यान दिएर हामीले उनको नाम परिवर्तन गरेका छौँ ।



सुडानबाट पलायन हुनुअघि उनी डार्फरका सडकमा थुप्रिएका शवहरू हटाएर तिनलाई सामूहिक चिहानमा गाड्ने जिम्मा पाएको एउटा समूहमा थिए । देशको अर्धसैनिक फल 'र्‍यापिड सपोर्ट फोर्सेज' (आरएसएफ) र सेनाबीच गत एप्रिलमा सुरु भएको द्वन्द्वबाट डार्फर आक्रान्त छ । डार्फर आरएसएफको आधारक्षेत्र पनि हो ।



## 'फोहोरजसरी' मिल्काउन आदेश

मालिमको फोनमा भएका तस्बिरहरूमा दर्जनौँ शव देख्न सकिन्छ । कतिपय शवलाई कम्बल र कपडाले ढाकिएको छ, केही शव केही सुन्निएका वा सडेका छन् । उनले ध्वस्त पारिएका र लुटपाट गरिएका विभिन्न सहायता निकायका परिसरका तस्बिरहरू पनि देखाए । 'मलाई ज्यादै नराम्रो लाग्यो । उनीहरूले भय र आतङ्कको अवस्थामै ज्यान गुमाए भन्ने मलाई लाग्छ । कैयौँ शवहरू एक साताभन्दा बढी समयदेखि सडकमा असरल्ल छरिएका थिए ।' त्यो कुरा सम्झिँदा उनलाई असहज महसुस भएको देखिन्थ्यो ।

सबैभन्दा विचलित पार्ने दृश्य उनले झाडीबाट लुकेर खिचेको एउटा भिडिओमा देखिन्थ्यो । त्यसमा शवहरू लरीबाट सामूहिक चिहानमा फ्यालिरहेको देखिन्छ । 'हामी जङ्गलको चिहानमा शव गाड्न गयौँ । तर आरएसएफले हामीलाई त्यसो गर्न दिएन । त्यही भएर आरएसएफको आदेशानुसार ट्रकको ड्राइभरलाई एउटा खाल्डोमा शवहरूलाई पुर्न भनियो ।' मालिमका अनुसार आरएसएफले त्यसपछि उनीहरूलाई त्यो ठाउँ छोड्न आदेश दियो । 'उनीहरूलाई इस्लाम संस्कारअनुसार गाडिनुपर्थ्यो ।

हामीले उनीहरूका लागि प्रार्थना गर्नुपर्थ्यो । तर आरएसएफले ती शवलाई फोहोरजसरी मिल्काउनुपर्ने जिद्दी गरे ।' ती शव कसका हुन् वा उनीहरूको मृत्यु कसरी भयो भन्ने कसैलाई थाहा छैन । तर चाडमा शरण लिएका धेरै परिवारले आरएसएफले विशेषतः कम उमेरका पुरुष र किशोरहरूलाई पश्चिम डार्फरमा निसाना बनाएको र लुकेको ठाउँबाट निकालेर उनीहरूको हत्या गरेको बताएका छन् ।

## निसानामा गैरअरब समुदाय

कतिपय परिवारले गैरअरब समुदायलाई निसाना बनाइएको जनाएका छन् । उनीहरूका अनुसार आरएसएफले जाँच चौकीहरूमा रोक्ने र जातीय पहिचानबारे प्रश्न गर्ने गरेका थिए । उनीहरूले आफू 'मासालिट' भएको बताउँदा मारिने भय रहेको सुनाएका छन् । बीबीसीले ती आरोपबारे सोधेको भए पनि आरएसएफले कुनै प्रतिक्रिया दिएको छैन । तर गत साताको सुरुमा उसले मासालिट समुदायका सदस्यमाथि त्यस्तै प्रकृतिका आक्रमणहरूमा संलग्न रहेको आरोप अस्वीकार गरेको थियो ।

मालिमको विवरण जुलाई १३ मा संयुक्त राष्ट्रसङ्घले दिएको प्रतिवेदनसँग मेल खान्छ । त्यसमा आरएसफले हत्या गरेको भनिएका कम्तीमा ८७ जना आदिवासी मासालिट र अन्यको शव गाड्न स्थानीय बासिन्दालाई बाध्य पारिएको उल्लेख गरिएको थियो । मालिमको फोनमा भएका तस्बिर र भिडिओका मेटाडाटाबाट ती सामग्रीहरू जुन २० र जुन २१ को बीचमा खिचिएको देखिन्छ ।

राष्ट्रसङ्घको प्रतिवेदनमा पनि त्यही मिति उल्लिखित छ । राष्ट्रसङ्घको प्रतिवेदनमा उल्लेख भए झैँ मालिमले हामीलाई भनेअनुसार ती शवलाई अल–तुराब अल–अहमरको खुला क्षेत्रमा गाडिएको थियो। त्यो अल–जेनीना सहरको पश्चिममा एउटा प्रहरी शिविरनजिकै पर्छ ।

## शवको थुप्रोमाथि एक घाइते

राष्ट्रसङ्घको विज्ञप्तिले कतिपय मानिसहरूले उपचार नपाएर ज्यान गुमाएको उल्लेख गरेको छ । मालिमको एउटा भिडिओमा शवको थुप्रोमा एक मानिसलाई जीवितै देखिन्छ। बोल्ने प्रयास गरिरहेका ती व्यक्तिको फुस्रा र फुटेका ओठमा झिँगा भन्किरहेको देख्न सकिन्छ । गोली लागेका ती व्यक्ति त्यहाँ आठ दिनदेखि त्यसरी रहेको मालिमले बताए । हामीलाई ती व्यक्तिलाई के भयो भन्ने थाहा छैन ।

मालिमले आफ्नो गृहनगरमा के भइरहेको छ भन्ने अभिलेख राख्न ती भिडिओ खिचेको बताएका छन् । तर तुरुन्तै आफूलाई त्यहाँ बस्न सुरक्षित अनुभूति नभएको उनले सुनाए । 'मलाई डर लाग्यो किनभने उनीहरूले उनीहरूले (शव) फाल्ने काम गर्दा मोबाइल फोन बोकेका मानिसहरूको एकभन्दा बढी पटक खोजी गरे ।'

## पुरानो तनाव

डार्फर अरब र डार्फरमा बस्ने अश्वेत अफ्रिकी समुदायबीच वर्षौंदेखि द्वन्द्व चलिरहेको छ । सबैभन्दा खराब हिंसा दुई दशकअघि भएको थियो जुनबेला गैरअरबहरूले सरकारले विभेद गरेको आरोप लगाउँदै हतियार उठाएका थिए । आरएसएफको जन्म कुख्यात 'जन्जावीद अरब' लडाकु समूहबाट भएको हो । उक्त समूहले विद्रोहलाई क्रूर ढङ्गले दमन क्रममा सयौँ मानिसहरूको हत्या गरेको थियो । उक्त समूहमाथि नरसंहार गरेको र जातीय सफाया गरेको आरोप लागेको छ । त्यसलाई २१ औँ शताब्दीको पहिलो नरसंहार पनि मानिन्छ ।

आरएसएफ र सुडानको सेनाबीच एप्रिलमा लडाइँ सुरु भएको थियो । त्यसले पुनः यो द्वन्द्वलाई चर्काउन खोजे जस्तो देखिन्छ । गत महिना आरएसएफले मासालिट समुदायलाई लक्ष्य बनाएर नरसंहार गरेको आरोप लगाएलगत्तै वेस्ट डार्फरका गभर्नरको हत्या भएको थियो । यस पटक डार्फरको हिंसा छिटपुट मात्र भएको जस्तो देखिँदैन । हामीले आरएसएफ र गठबन्धनका अरब मिलिशियाहरूले मासालिटजस्ता अश्वेत अफ्रिकी समूहका वरिष्ठ व्यक्तिहरूलाई योजनाबद्ध निसाना बनाएको र दशौँ हजार मानिसहरू छिमेकी चाडमा भाग्न बाध्य पारेको भन्ने आरोप सुनेका छौँ ।

आरएसएफले यसलाई सन् २००० को दशकमा देखिएको जातीय द्वन्द्व फेरि बिउँतिएको घटनाका रूपमा प्रस्तुत गर्दै आफू संलग्न नरहेको बताएको छ । डार्फरबाट भागेका हजारौँ सुडानी नागरिकजस्तै मालिमसँग आफ्नो देश फर्किनुपर्ने खासै कुनै आकर्षण छैन । उनले आफ्नो घर जलाइएको र आफ्नो परिवारको जायजेथाहरू लुटिएको बताएका छन् । तर त्योभन्दा पीडादायी कुरा के हो भने त्यहाँ उनका धेरै मित्र तथा परिवारका सदस्य पनि हुने छैनन् ।

# नेपाललाई यूएईविरुद्ध सान्त्वना जित

**बिबिसी ।**
नराम्रो ब्याटिङका कारण भारत र पाकिस्तानसँग पराजित भएपछि नेपाली समर्थकहरूले व्यङ्ग्य गर्दै सामाजिक सञ्जालमा लेखेका थिए – 'जित्नका लागि नेपाललाई यूएई छँदै छ नि' । समर्थकहरूको प्रतिक्रियामा एसीसी इमर्जिङ टीम्स एशिया कपमा नेपालले भोगेको पराजयभन्दा राष्ट्रिय टोलीले निकै कमजोर प्रदर्शन गरेकोमा चित्त दुखाएको बुझिन्थ्यो । समर्थकहरूले भने जसरी नै बुधवार नेपालले यूएईलाई पराजित गर्‍यो ।
श्रीलङ्काको कोलम्बोमा सञ्चालित प्रतियोगितामा नेपालले यूएईलाई तीन विकेटले हरायो । टस जितेर ब्याटिङ रोजेको यूएईलाई ४४ ओभरमा १५७ रनमा रोक्दै नेपालले २३ ओभरमा सात विकेटको क्षतिमा लक्ष्य पूरा गर्‍यो । 'जितभन्दा पनि एशिया कपको तयारी' का लागि लागि भन्दै राष्ट्रिय टोलीलाई पठाएको नेपालले घर फर्किनुअगाडि सान्त्वना जित हात पारेको छ ।
तर नेपाली राष्ट्रिय टोलीले हराएको यूएईको टोली भारत र पाकिस्तानको जस्तै 'ए' हो ।
यूएई ए टोलीमा राष्ट्रिय टोलीका नाम चलेका कुनै खेलाडी थिएनन् । त्यहाँ रोहन मुस्तफा, वृत्य अरविन्द, आर्यन लाक्रा, मोहम्मद वासिम वा वसिम खान कोही पनि थिएनन् ।



त्यसैले युवा टोलीलाई पराजित गर्न नेपालले ठूलो मेहनत गर्नुपरेन । नेपालका कामचलाउ लेगस्पिनर कुशल भुर्तेलले खेलमा छ विकेट लिँदै बुधवारको खेललाई स्मरणीय बनाइदिए । यूएईका प्रारम्भिक खेलाडीद्वय आर्यांश शर्मा र लवप्रित सिंहले आफ्नो टोलीलाई राम्रो थालनी दिए । उनीहरूले १० ओभरसम्म विकेट जोगाएर ३९ रन बनाएका थिए । नेपाली युवा स्पिनर कुशल मल्लले यो जोडीलाई तोड्ने काम गरे।



मल्लले आर्यांशलाई १४ रनमा आउट गरेका थिए । त्यसपछि बलिङको जिम्मा पाएका कुशल भुर्तेलले जीवनको अविस्मरणीय बलिङ गर्दै विपक्षी टोलीलाई धराशायी गर्ने काम गरेका थिए ।

**चम्किए कुशल भुर्तेल**

यूएईका लवप्रित सिंहले ५२ रन बनाएका थिए । उनलाई सन्दीप जोराको हातबाट क्याच गराएपछि भुर्तेल बलिङमा जमे । त्यसपछि उनले इथन डीसुजा (१८ रन) लाई एलबीडब्ल्यूको धरापमा पारे। अश्वनाथ भलथापा (१६ रन) र फहाद नवाज (६ रन) लाई अर्जुन साउदबाट स्टम्पिङ गराए ।
कप्तान अलि नासिर (१ रन) लाई 'कट एन्ड बोल्ड' गरे भने मोहम्मद फराज्जुदिन (४ रन) लाई जोराबाट क्याच गराए ।
कुनै पनि प्रतियोगितामा भुर्तेलले गरेको यो उत्कृष्ट व्यक्तिगत बलिङ प्रदर्शन हो । निर्धारित १० ओभर बलिङ गर्दा उनले ४० रन खर्चेका थिए । मौसम ढकालले दुई विकेट लिए ।

**नेपालको ब्याटिङ**

ब्याटिङमा पनि कुशल भुर्तेल नै छाए । भुर्तेलले पाकिस्तान 'ए' सँग १ रन र भारत 'ए' सँग भने खाता पनि खोल्न सकेका थिएनन् । यूएईविरुद्ध भने भुर्तेलले ७१ रन बनाए। देव खनाल र सन्दीप जोराले २४–२४ रन बनाउन सफल भए । आठ राष्ट्र सहभागी प्रतियोगितामा नेपालले मात्र राष्ट्रिय टोली पठाएको हो । यद्यपि टोलीमा युवा खेलाडीहरूलाई मौका दिइएको थियो ।
बुधवारको खेलमा पनि प्रशिक्षक मोन्टी देशाईले सोमपाल कामी, आशिफ शेख, ललित राजवंशी र भीम सार्कीलाई बेन्चमा राखेका थिए ।
उनीहरुको स्थानमा सन्दीप जोरा, प्रतीश जीसी, श्याम ढकाल र अर्जुन साउदलाई मौका दिइएको थियो ।

# पार्टी कार्यालय निमार्णका लागि जनमतद्वारा ‘अक्षयकोष’ स्थापना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
डा.सीके राउत नेतृत्वको जनमत पार्टीले आफ्नै पार्टी कार्यालय निर्माण गर्नको लागि अक्षयकोषको स्थापना गर्ने निर्णय गरेको छ ।
पार्टी अध्यक्ष डा.सीके राउतको अध्यक्षता बसेको केन्द्रिय सचिवालयको बैठकबाट यस्तो निर्णय गरेका हुन ।दुई दिनसम्म चलेको केन्द्रीय सचिवालयको बैठकले पार्टी कार्यालय निर्माणका लागि अक्षयकोषको स्थापना गर्ने निर्णय गरेको हो ।
अक्षयकोषमा रकम संकलन गर्न दाताहरुलाई आह्वान गर्ने निर्णय भएको पार्टीका महासचिव चन्दन सिंहले बताए । अहिले पार्टी कार्यालय बुद्धनगरमा भाडाको घरमा रहेको छ । अब आफ्नै संरचना बनाउन पार्टी तयार भएको बताइएको छ ।




त्यसैगरी , बैठकले पार्टीका विभिन्न तहको बैठकको समय निर्धारित गरेको छ । प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्यहरुको प्रशिक्षण साउन ८ देखि ९ गतेसम्म धुलिखेलमा राखिएको छ भने साउन ५ गते जिल्ला इन्चार्ज तथा पूर्व जिल्ला इन्चार्जहरुको बैठक काठमाडौँमा बोलाइएको छ । साउन १२ गते मधेस प्रदेश समितिको बैठक बर्दिवासमा राखेको छ भने राष्ट्रिय परिषद्को बैठक साउन १७ गते काठमाडौँमा राखेको छ । त्यस्तै साउन १९ गते स्थानीय जनप्रतिनिधिको बैठक काठमाडौँमा राखिएको महासचिव सिंहले जानकारी दिए ।
जनप्रतिनिधि बारेमा जनमत संग्रह गराउने कार्यक्रमलाई पनि बैठकले सारेको छ । यसअघि साउन ६ गतेका लागि तोकिएको थियो । त्यसलाई साउन २७ र भदौ २ गतेका लागि निर्धारण गरिएको छ । केन्द्रीय सचिवालय र जिल्ला कार्यकारिणी पदाधिकारीको बैठक हरेक आइतबार गर्ने निर्णय पनि गरेको छ ।

# मुख्यमन्त्रीको राजीनामा माग्दै इन्जिनियरहरु आन्दोलित




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको राजीनामा माग्दै इन्जिनियरहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि प्रदर्शन गरेका छन् ।
बुधबार कलकारखानामा स्वदेशी इन्जिनियरलाई नियुक्त गर्नुपर्ने, विदेश पलायन रोक्नुपर्ने, इन्जिनियरिङ स्टाफ कलेज स्थापना गर्नुपर्ने, सेवाकालिन तालिमको व्यवस्था गर्नुपर्ने, स्तरवृद्धि गर्नुपर्ने, न्यूनतम सातौं तह कायम गर्नुपर्ने लगायतका माग राख्दै इन्जिनियरहरुले जनकपुरधाममा प्रर्दशन गरेका हुन् ।
नेपाल इन्जिनियर्स एशोसिएसन मधेश प्रदेशले तत्कालीन मुख्यमन्त्री लालबाबु राउत र वर्तमान मुख्यमन्त्री यादवलाई समेत पटक पटक माग पूरा गर्न ध्यानाकर्षण गराएको थियो । मधेश सरकारले आफूहरुको माग पूरा गर्न चासो नदेखाएपछि बाध्य भएर आन्दोलन गर्नुपरेको इन्जिनियर सतिश यादवले बताए ।
मधेश सरकारको प्रदेश लोकसेवा आयोग छ । तर इन्जिनियरका लागि अहिलेसम्म विज्ञापन गरेको छैन । विज्ञापन नगरेकाले इन्जिनियरले प्रदर्शनका क्रममा ‘प्रदेश लोकसेवा आयोग खारेज गर कि विज्ञापन गर’ नारासमेत लगाए । यता निषेधित क्षेत्र तोडेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय परिसरमै प्रवेस गरि इन्जिनियरहरुले प्रर्दशन गरेपछि प्रहरीले इन्जिनियरका केहि पदाधिकारीमाथि कुटपिट समेत गरेको छ ।

# धनुषाका मिटरब्याजी यादव पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ब्याजको नाउमा जनतालाई पिडीत बनाएको भन्दै बुधबार विहानै मिटरब्याजी भनिने धनुषाका शिवजी यादव पक्राउ परेका छन् । उनलाई ईलाका प्रहरी कार्यालय धनुषाधामले विहानै पक्राउ गरेको हो ।
उनीमाथि करोडौँ रुपैयाँ मिटरब्याजको मुद्दा परेको थियो । गाउँ घरमा सोझासाझा मानिसहरुलाई ब्याजमा पैसा लगाई ब्याज तिरिदिएको भएपनि कागजात नच्यातेर कैयौँ पटक रकम उठाएको आरोपसहित मुद्दा परेको थियो । धनुषाधाम स्थित शिवशंकर वस्त्रालय सँचालन गर्दै आएका यादव मुद्दा परेपछि फरार भएका थिए । उनलाई विहिबार विहान पक्राउ गरिएको हो ।
यादवबाट एक जनाले २५ लाख रुपैयाँ कर्जा लिएकोमा उनले १० लाख रुपैयाँ तिरिदिएका थिए । १५ लाखको लागि उनले दिन जाँदा रकम नलिएर जग्गा नै दिन दबाब दिएका थिए । उनले समयमा पैसा नलिएर करिब ४ करोड मूल्य बराबरको जग्गामा लोभ गरेपछि मुद्दा दायर गरिएको थियो ।
मिथिला बिहारी नगरपालिका वडा नं ४ कजरा बस्ने शिबजी यादव हाल धनुषाधाममा बसोबास गरि शिबशंकर बस्त्रालय कपडा पसल संचालन गरि मिटर ब्याजको कारोबार गर्दै आएका थिए । २५ लाख कर्जा लिएकोमा १० लाख बुझाईसकेको तब पनि ४ करोड बराबर जग्गा बेईमानी गर्न खोजेको पीडित नागेश्वर साहले बताए । सोही प्रकरणमा उनलाई पक्राउ गरिएको हो ।

# मधेशका सच्चा नेता मात्र सिके राउत रहेको रेल्वेका पूर्वजिएम भट्टराईको भनाई

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल रेल्वेका पूर्व जिएम एवम् एमालेका नेता गुरु भट्टराईले मधेशका लागि एक मात्र सच्चा नेता जनमत पार्टीका अध्यक्ष डा. सिके राउत रहेको टिप्पणी गरेका छन् ।
उनले समाजिक सँजाल फेसबुकमा मधेशवादीको नाममा लुटेरा र सामन्तवादहरु मात्र रहेको प्रतिक्रिया लख्दै मधेश र मधेशीको लागि मात्र डा. सिके राउत चिन्तित भएका नेता रहेको बताएका छन् । उनले डा. सिके राउत बाहेक मधेशको नाममा सबै लुटेरा र समान्त नेताहरु मात्र रहेको टिप्पणी गरेका हुन् । ‘मधेशमा ६ प्रतिशत जनसंख्या ओगट्ने जातीले मधेशी दल चलाएका छन् । भन्न चै सिंगो मधेशको प्रतिनिधि हामी हौं भन्छन् । यि मधेशका सामन्तहरु हुन् र मधेशका बहुसंख्यक मधेसी चुस्ने, बिभेद गर्ने, प्रताडित गर्ने यिनै हुन् । यिनको आन्तरिक बिभेदको




अगाडी काठमान्डौको बिभेद केही पनि हैन । यद्धपि मधेशमा भौतिक हैन मनोबैज्ञानिक पहाडी बिभेद छ । यसलाइ मनभेद भनेपनि हुन्छ ।’– उनले फेसबुकमा लेखेका छन् । मधेशमा ४–६ लेन बाटो ओलीले बनाएको बताउँदै मधेशको हुलाकी मार्ग ओलीकै पालामा नेपालले नै बनाएको पनि लेखेका छन् । मधेशमा रेल ओलीले नै चलाए । मधेश सिंचाइ गर्न सुनकोशी मरिन डाइभर्सन सिंचाइ आयोजना ओलीले नै शुरु गरे । बारामा ६ महिनामै ८०० पक्की घर बनाएर जनतालाइ ओलीले नै बाँडे । तर मधेश सरकारले बेटीलाइ साइकल भनेर करोडौं घोटाला गर्यो । मधेश परिवहन भनेर किनेका बसहरु घाँस खाएर बसेका छन् । अघिल्लो सरकारको पालाको झन्डै एक अर्ब बेरुजु अलपत्र छ । तर पनि उपेन्द्र यादव मधेशी मसिहा ।– उनले टिप्पणी गरेका छन् । मधेश आन्दोलनमा ५५ जना गरीब मधेशीको छातिमा पड्केको गोली देखाएर ५६ जना मधेशी नेता मन्त्री भए त्यसबेला । परिणाम के आयो ? भनेर प्रश्न समेत गरेका छन् ।

# समाजसेवी साहको श्रद्धाञ्जली सभा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तेली कल्याण समाज नेपालका पूर्व केन्द्रीय महासचिव ई.राजदेव साहको १२औँ श्रद्धांजली सभा मनाइएको छ । बुधवार जनकपुरधाम स्थित अन्नपूर्ण होटलमा नेपाल तेली कल्याण समाजका राष्ट्रिय अध्यक्ष विश्वनाथ साहको अध्यक्षत तथा तेली कल्याण समाज नेपालका निवर्तमान अध्यक्ष शैलेन्द्र साहको प्रमुख आतिथ्यतामा आयोजना गरिएको श्रद्धांजली सभामा वक्ताहरुले स्वर्गीय राजदेव साहले सरकारी सेवामा रहँदा पनि तेली समाजलाई व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेलेको बताए । वक्ताहरुले स्वर्गीय साहको योगदानको बारेमा चर्चा गर्दै भने,‘जीवनभर उनले तेली समाजमा शिक्षा र राजनीतिक चेतनाको विकासका लागि संघर्ष गरे ।’श्रद्धांजलि सभामा संविधानसभा सदस्य चन्दन साह, कृषि वैज्ञानिक राम वदल साह, अधिवक्ता कमलाकान्त साह, रामबहादुर साह धर्मशालाका अध्यक्ष रामकिशोर साह, तेली कल्याण समाज नेपालका केन्द्रीय उपाध्यक्ष उमदेश्वर प्रसाद साह, उपाध्यक्ष नीलम साह, महासचिव सत्यनारायण साह,कोषाध्यक्ष सोनलाल साह, केन्द्रीय सदस्य शोभा साह, सल्लाहकार जगदीश साह, गणेश साह, बारा जिला अध्यक्ष बजरंगी साह, सिरहा जिलाध्यक्ष हजारी साह, हरिनारायण साह, रामबाबू साह, धनुषा जिल्ला अध्यक्ष ललित कुमार साह, प्रा.सुरेश साह, श्याम साह लगायत ले बिचार राखेका थिए । ई.राजदेव साहको असार २३ गते जनकपुरधामस्थित आफ्नै निवासमा हृदयाघातका कारण निधन भएको थियो । स्वर्गीय साह तेली बचत तथा ऋण सहकारी संस्थाको शेयर धनी र तेली सेवा सदनका पूर्वअध्यक्ष तथा तेली चेरिटेबल ट्रस्ट नेपालका सल्लाहकार समेत रहेका थिए ।

# किशोरी भगाउने काण्डमा कुनै सँलग्नता छैनः वडाध्यक्ष




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको सबैला नगरपालिका वडा नं. ९ का वडाध्यक्ष मनिष राय अमातले किशोरी भगाउने काण्डमा आफ्नो कुनै संलग्नता नरहेको भनी स्पोष्टोक्ति दिएका छन् ।
वडा अध्यक्ष रायले बुधबार एक विज्ञप्ती जारी गर्दै उक्त घटनामा आफनो कुनै संलग्नता नरहेको स्पष्ट गरेका छन् । सबैला नगरपालिका वडा नं. ९ की एक १७ बर्षिय किशोरीलाई सोही ठाउँमा सुनचाँदी पसल सँचालक श्रीनारायाण साहले भगाएर लगेपछि किशोरीको बुवाले वडाध्यक्ष रायको नाम समेत लिएको समाचारहरु संचारमाध्यममा आएपछि उनले सो समाचारको खण्डन गरेका छन् । उनले सो प्रकरणमा आफ्नो कुनै सँलग्नता नभएको प्रष्टयाएका छन् । वडा कार्यालयकै लेटरहेडमा एक प्रेस विज्ञप्ति जारी गर्दै वडाध्यक्ष रायले सो मुद्दामा किशोरीको बुवाले आफ्नो नाम नियतवंश लिएको भन्दै खण्डन गरेका छन् । वडाध्यक्ष रायले नै मुद्दा मिलाउनको लागि किशोरीको बुवा राजकिशोर साहलाई दबाब दिएको भनेर साहले बयान दिएको समाचार प्रकाशित भएको थियो । विहिबार वडाध्यक्षले आफ्नो कुनै संलग्नता नरहेको बताएका छन् । वडाध्यक्ष रायले आफूमाथि लगाइएको आरोप निराधार रहेको भन्दै समाचारको खण्डन गरेका छन् । किशोरीकी बुवा राजकिशोर साहले आफ्नै छोरीलाई श्रीनारायणसँग योजनावद्ध तवरले भगाएर रकम असुलेको आरोप स्थानीयहरुले लगाएका थिए ।

# हज कमिटीका पूर्व अध्यक्ष मास्टर साहेबको निधन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता तथा नेपाली हज कमिटीका पूर्व अध्यक्ष अल्हाज मास्टर साहब(मोहमद हाजी स्वेवरेजा)को निधन भएको छ । मंगलवार राती जनकपुरधाम उपमहानगरपालिका स्थित लोहना टोलमा रहेको निजी निवासमा उनको मृत्यु भएको पारिवारिक सदस्यले जानकारि दिएका छन् ।
कमिटिका पुर्व अध्यक्ष मास्टर साहेबको निधन प्रति नेपाली कांग्रेस नगर कार्यसमितिले उनको निधन प्रति शोक व्यक्त गर्दै पार्टीलाई गम्भीर क्षति भएको जनाएको छ ।

# जनकनन्दनीका पूर्ववडाध्यक्ष यादवलाई पक्राउ पूर्जी

***जिल्ला अदालत धनुषाको बिगो मुद्दामा असार २२ गते काटिएको पत्र अनुसार यादवलाई २ बर्ष कैदमा राख्नुपर्ने फैसला भएकोमा उनी फरार रहेका छन् ।***



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जननन्दिनी गाउँपालिकाका एक पूर्व वडाध्यक्षलाई पक्राउ पूर्जी जारी गरिएको छ । जनकनन्दनी गाउँपालिका वडा नं. ६ का पूर्व वडाध्यक्ष विक्रम यादवमाथि बिगो मुद्दामा जिल्ला प्रहरी कार्यालय धनुषाल पक्राउ पूर्जी जारी गरिएको हो ।
जिल्ला अदालत धनुषाको बिगो मुद्दामा असार २२ गते काटिएको पत्र अनुसार यादवलाई २ बर्ष कैदमा राख्नुपर्ने फैसला भएकोमा उनी फरार रहेका छन् । ईलाका प्रहरी कार्यालय खजुरीलाई पत्र पठाउँदै जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ पूर्जी दिएको हो । यद्यपी, यादव अहिले फरार रहेको बुझिएको छ । विभिन्न व्यक्तिहरुबाट जग्गाको लागि रकम उठाएको र जग्गा नदिएको भन्दै उनीमाथि बिगोको मुद्दा दायर भएको थियो । स्थानीय एक जनाले दिएको मुद्दामा उनलाई पक्राउ पूर्जी जारी गरिएको हो । यादव दोषी ठहर भई उनलाई दुई बर्ष कैद (जेल सजाय) को फैसला गरिएकोमा उनी अदालतमा हाजिर भएका छैनन् ।
जिल्ला अदालत धनुषाको बिगो नं. १६५२ १९७ चलानी नं. ७९–३६–००९८७५ को लागि जिप्रका धनुषालाई पत्राचार गरिएको थियो । प्रहरीले उनको खोजतलास गरिरहेको जनाइएको छ ।

# अबैध उत्खनन्मा संलग्न पाँच ट्याक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले अवैध बालुवा उत्खन्न गरिरहेका पाँचवटा ट्याक्टर नियन्त्रणमा लिएका छन् । इलाका प्रहरी कार्यालय ढल्केवर र प्रहरी चौकी लालगढको संयुक्त टोलीले बुधबार विहानको समयमा मिथिला नगरपालिका १० स्थित रातो खोलमा अवैधरुपमा उत्खनन् कार्यमा संगलग्न



पाँचवटा ट्याक्टर नियन्त्रणमा लिएका छन् ।
नियन्त्रणमा लिइएको प्र २–०२–००१ त०२१२, प्र २–०२–००१ त ७१३, ज १ त ८५७८, ज २ त ४१९ र ना ५ त ८६९२ नम्वरको ट्याक्टरलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा ल्याएर थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# क्लासिक होटल र कर्पोरेट बैंक भवन हटाउन ५ वटा डोजर



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मुख्य नाला अतिक्रमण गरी सञ्चालनमा रहेको क्लासिक होटल र कर्पोरेट बैंक रहेको भवन हटाउन डोजर लगाइएको छ । वीरगंज सहरको मुख्य नाला अतिक्रमण गरी सञ्चालनमा रहेको क्लासिक होटल मंलगबारदेखि हटाउन सुरु गरिएको र बुधबारबाट कर्पोरेट बैंक रहेको भवन पनि हटाउन थालिएको हो । महानगरपालिकाले मुख्य नालामाथि बनेको दुवै संरचना हटाउन बुधबार ५ वटा डोजर लगाएको छ ।

मुलुकी देवानी संहिता २०७४ को दफा ३०० को उपदफा १ को (क) बमोजिम परापूर्वकालदेखि रहेको घर जग्गा, ढल वा बाटो सार्वजनिक सम्पत्ति मानिने व्यवस्थाबमोजिम मुख्य नालामाथि बनेको संरचना हटाउन डोजर लगाइएको महानगरले जनाएको छ । पटकपटक सूचना दिँदा पनि अटेर गरी अवैध रुपमा निर्माण गरिएको संरचना नहटाएकाले बाध्य भएर महानगरले सार्वजनिक नाला माथिको संरचना हटाउन डोजर लगाउनु परेको महानगरपालिकाका मेयर राजेशमान सिंहले बताए ।

# सुन पसलसँग पाँच लाख माग्दै नक्कली बम राख्ने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
काठमाडौँको सिनामंगलस्थित खोटाङ हलेसी ज्वेलर्सका सञ्चालक तर्साउन शंकास्पद वस्तु राख्ने युवक पक्राउ परेका छन् । सुन पसल सटरअगाडि राखेको वस्तु डिस्पोजका लागि नेपाली सेना नै परिचालन गर्नु परेको थियो । सुन पसलनिर बम राखिएको भनिए पनि सेनाले बम नभएको जनाएको छ । रमाइलो त यो छ कि, घटनामा संलग्न रौतहटका खजाञ्ची पासवानलाई प्रहरीले पक्राउ परेका छन् । उनी बम राखेको सूचना टाँसेर नजिकैको होटलमा लुकेर बसेका थिए । अझ रमाइलो त यो छ कि, बमको हल्लापछि जम्मा भएको भिडमा उनी पनि सहभागी थिए । आफू त्यसरी पक्राउ पर्नौंला भनेर उनले कल्पना पनि गरेका थिएनन् । पासवान गौशाला प्रहरीमा छन् ।
सुन पसल सञ्चालक मने विश्वकर्माले पटकपटक फोन गरेर ५ लाख नदिए बम राख्छु भनेर धम्की आएको बताए । उनले भने, ‘आज ९ पटक फोन गरेर ५ लाख मागेका थिए । नदिए बम राख्छु भनेर धम्की दिएका थिए । पैसा दिन नमानेपछि शङ्कास्पद वस्तु राखे ।’
सटरमा संयोजक सफलका नाममा टाँसिएको पर्चा थियो । पर्चामा लेखिएको थियो, ‘खोटाङ हलेसी ज्वेलर्सको साहुजी हाम्रो पार्टी नेपाल उत्थान क्रान्तिकारी पार्टीलाई सपोर्ट गर्नुहोस् । तपाईंको सहयोगले हाम्रो देश र जनताहरूलाई ठूलो प्रगति हुनेछ भन्ने हाम्रो आस हो । यहाँ आरडीएक्स बारुदको बम राखिएको छ । सावधान रहनुहोला ।’
५ वर्षअघिबाट पसल सञ्चालन गर्दै आएका विश्वकर्मासँग यसअघि गत वर्ष २ जनाले पसलमा नै आएर पैसा मागेको खुलेको छ । पसल सञ्चालक विश्वकर्माले प्रहरीलाई खबर गर्ने बताएपछि उनीहरू भागेका थिए ।



# किशोरी प्रयोग गरेर अमेरिकाबाट गाँजा कारोबार





**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको धोबिनी गाउँपालिका–५ का २७ वर्षीय फैजुल्लाह साह १६ वर्षीया किशोरीलाई प्रयोग गरी अमेरिकाबाट लागूऔषध कारोबार गरेको अभियोगमा प्रक्राउ परेका छन् ।
त्रिभुवन विमानस्थल कार्गो कम्प्लेक्समा आइतबार अमेरिकाको क्यालिफोर्नियाबाट आयात गरिएको अवैध लागूऔषध गाँजा २ किलोग्राम लिन गएकी किशोरीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गर्ने क्रममा साह पक्राउ परेका हुन् । लागूऔषध नियन्त्रण ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक चक्रराज जोशीका अनुसार किशोरीलाई साहले परिचालन गरेको खुलेको छ ।
‘कक्षा १२ को परीक्षा दिएर बसेकी किशोरी ‘जब सोल
ुसन एजेन्सी’मा रिसेप्सन थिइन् । उनलाई कतैबाट कर्मचारी आवश्यकताको जानकारी आयो, एकजना मान्छेसमेत पठाइदिइन्,’ प्रहरी उपरीक्षक जोशीले भने, ‘केही दिनपछि फेरि त्यही व्यक्तिको फोन आयो र पहिला पठाएको मान्छेले राम्रोसँग काम नगरेको भन्दै ती किशोरी आफैँलाई काममा आउन आग्रह गर्यो । थोरै तलबमा रिसेप्सनको काम गरिरहेकी किशोरीलाई २० हजार रुपैयाँ तलबको प्रस्ताव आएपछि जान तयार भइन् ।’
किशोरीको काम विदेशबाट आएको सामान (चकलेट, सजावटका सामान, खेलौना र कपडा) एयरपोर्टको कार्गो कम्प्लेक्सबाट बुझेर ल्याउने मात्र हो । साहले किशोरीको परिचयपत्र बनाउन नागरिकता फोटोकपी मागे र सोहीबमोजिम नागरिकताको फोटोकपी बुझाइन् । पक्राउ परेका साहले ती किशोरीको नागरिकताको फोटोकपी भने भारत हुँदै अमेरिका पठाएको र सोही नाममा अमेरिकाबाट कपडाहरुभित्र लुकाई अवैध लागूऔषध गाँजा मगाएको पाइएको छ ।
साहले मगाएको लागूऔषध गाँजा लिन कार्गो कम्प्लेक्स गएकी किशोरी गाँजासहित पक्राउ परेपछि घटनाको यथार्थ बाहिर आएको हो ।

# ७७ जिल्लामै डेङ्गी नियन्त्रणको प्रयास

सन् २००४ देखि अहिलेसम्म १९ वर्षको अवधिमा ८३ हजार ६ सय ८१ जनामा डेङ्गीको संक्रमण भएको छ । असारसम्ममा २ हजार ९ सय ३० जनामा संक्रमण देखिएको छ ।

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालमा डेङ्गी देखा परेको १९ वर्षपछि सरकारले कार्ययोजना बनाएर लागू गरेको छ । अहिलेसम्म रोग नियन्त्रणका कार्यक्रम गर्दै आएको भए पनि स्पष्ट वार्षिक कार्ययोजना बनाएर लागू गरेको पहिलो पटक हो । डेङ्गी नियन्त्रणका लागि वार्षिक कार्ययोजना बनाइ ७७ वटै जिल्लामा कार्यान्वयनका लागि पठाइसकेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख डा.रुद्र मरासिनीले जानकारी दिए । धेरै जोखिम रहेका ९२ पालिकामा एक्सन प्लानसहित विशेष सर्कुलर जारी गरेको उनको भनाइ छ । सरकारले बनाएको कार्ययोजनामा भेक्टर नियन्त्रण, लामखुट्टेको वृत्तिविकास रोक्ने उपाय, उपचार पद्धति, पालिका तथा रेडक्रसलगायतका स्वास्थ्यसँग सम्बन्धित संस्थाहरुको भूमिकाका बारेमा स्पष्ट पारिएको छ ।
डा. मरासिनीका अनुसार नेपालमा सन् २००४ देखि अहिलेसम्म १९ वर्षको अवधिमा ८३ हजार ६ सय ८१ जनामा डेङ्गीको संक्रमण भएको छ । यसवर्ष असारसम्ममा २ हजार ९ सय ३० जनामा संक्रमण देखिएको छ । डेङ्गीको संक्रमण रोकथामका लागि संघ, प्रदेश र पालिकाबीच समन्वय भइरहेको पनि उनको भनाइ छ । सरकारको प्राथमिकतामा लामखुट्टे बस्ने ठाउँ खोजी र नष्ट, घरआँगन, कार्यालय वरिपरी पानी जमेको ठाउँ पहिचान गरी सरसफाइ गर्ने रहेको उनले बताए ।
डा. मरासिनीका अनुसार लामखुट्टेको वृत्तिविकास खासगरी सफा र सङ्लो पानी जम्मा भएको ठाउँमा हुने गर्छ । उनले मनसुनसँगै डेङ्गीका बिरामीको संख्या पनि बढेको बताए । डेङ्गी एक जना संक्रमित बिरामीबाट अर्को बिरामीमा लामखुट्टेको माध्यमबाट सर्ने गर्छ । डा.मरासिनीले सरकार अहिले डेङ्गी रोकथाममा गम्भीर भएर लागेको बताए ।

# स्थायी गर्न माग गर्दै धर्ना र प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा बुधबार कर्मचारीहरुले प्रदर्शन गर्दै धर्ना दिएका छन् ।
अस्थायी कर्मचारीलाई स्थायी गर्न र कर्मचारीले पाउँदै आएको प्रोत्साहन भत्ता खारेज गर्ने त्रिभुवन विश्वविद्यालयको निर्णय फिर्ता लिन माग राखेर क्याम्पसमा कार्यरत कर्मचारीले प्रदर्शन गर्दै एक घण्टा धर्ना दिएका हुन् ।
त्रिवि वाम–प्रजातान्त्रिक कर्मचारी संघर्ष समितिको अगुवाइमा भएको प्रदर्शन र धर्नामा क्याम्पसमा कार्यरत सम्पूर्ण कर्मचारीको सहभागिता थियो ।
प्रदर्शन र धर्नामा त्रिवि प्रजातन्त्रवादी कर्मचारी संघका केन्द्रीय उपाध्यक्ष गुञ्जन सिंह, संघका ठाकुरराम बहुमुखी क्याम्पसकी इकाइ अध्यक्ष गीता श्रेष्ठ, सचिव मनोहर कुमार साह, सल्लाहकार मुजतुबा अन्सारी, राष्ट्रिय कर्मचारी संघका केन्द्रीय सदस्य राजु केसी लगायतको सहभागिता थियो ।

# ग्यासको बुलेटमा गाँजा ओसारपसार !



**मधेशदृष्टि**
**वीरगंज ।**
चितवनबाट वीरगंज आइरहेको ग्यास बुलेटमा लुकाएर ल्याएको अवस्थामा प्रहरीले ७० केजी (११ पोका) गाँजा बरामद गरेको छ । प्रहरीले गाँजासहित दुईजनालाई नियन्त्रणमा लिएको छ । बुधबार दिउसो साढे १ बजे राप्ती नगरपालिका वडा नम्बर–१ लोथरमा खैरहनीबाट पूर्वतर्फ आउदै गरेको एमएच ४८ ए वाइ ४७०९ नम्बरको भारतीय ग्यास बुलेट गाडीमा शङ्का लागेर चेक जाँच गर्दा गाँजा बरामद भएको हो ।
गाँजासँगै भारत झारखण्ड निवासी बुलेट चालक मनोज कुमार पासवान र मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा नम्बर ७ का राजु वाइबासमेत पक्राउ परेको चितवन प्रहरी प्रमुख रामेश्वर कार्कीले जानकारी दिए । उनका अनुसार, बुलेटको सिटमुनि र टुलबक्स मुनि लुकाइरहेको अवस्थामा गाँजा नियन्त्रणमा लिएको हो । उनीहरुलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रुङ्गटा ग्रुप र चाचान समूहको सहयोगमा सिँढी

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ४ चैनपुरस्थित छठ पूजा हुने पोखरीको डिलमा निर्माण गर्न लागिएको सिँढी शिलान्यास भएको छ । रुङ्गटा ग्रुपका सुरेश कुमार रुङ्गटा र चाचान ग्रुपका बाकेलाल प्रसादले संयुक्तरूपमा शिलान्यास गरेका हुन् ।
रुंगटा र चाचान समूहले उपलब्ध गराएको २१ लाख ८६ हजार रुपैयाँको लागतमा पोखरीको डिलमा पक्की सिँढी निर्माण गर्न लागिएको हो ।
शिलान्यास कार्यक्रममा परवानीपुर गाउँपालिकाका अध्यक्ष राम क्षेत्री पटेल, उपाध्यक्ष सुगान्धी देवी, वडाअध्यक्ष गम्भिरा पटेल, समाजवादी युवा संघका उपमहासचिव सरोज यादव, गजेन्द्र पटेल, प्रदीप महतो लगायतको उपस्थिति थियो ।

# पटेर्वा सुगौलीमा शिक्षक महासंघको नयाँ समिति

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिकामा बुधबार सम्पन्न नेपाल शिक्षक महासंघको पालिका अधिवेशनले राजेश्वर प्रसादको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । कार्यसमितिको सहअध्यक्षमा राजकुमार साह, महिला उपाध्यक्षमा नीरमाया आले, उपाध्यक्षमा मनोहर गौरो, सचिवमा सुभाष दास, सहसचिवमा प्रमोद प्रसाद यादव, सहसचिव अर्थमा दिपन चौधरी, सहसचिव संस्थागतमा देवेन्द्र प्रसाद साह, रामरुप प्रसाद यादव र चन्दन साह चयन भएका छन् । यस्तै सदस्यमा सुरेन्द्र यादव, रामलखन राय, रमेश कुमार आले, प्रमिला कुमारी, दुखा प्रसाद ओझैया, आनन्द राय र राम प्रसाद दास चयन भएका छन् ।
नवनिर्वाचित पदाधिकारी र सदस्यको पदस्थापन तथा शपथग्रहण कार्यक्रम बुधबार भएको नवनिर्वाचित सचिव प्रमोद प्रसाद यादवले जानकारी दिए । मोहन दास थारुको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष दिनेश प्रसाद चौधरीको विशेष उपस्थितिमा सम्पन्न अधिवेशनमा गाँउपालिका उपाध्यक्ष ममता महतो थारु, वडाअध्यक्षहरु फरमान मियाँ, माधव राउत र बासु पञ्जियार, नेपाल शिक्षक महासंघ पर्साका अध्यक्ष तीर्थराज यादव, सचिव विनोद गिरी, नेपाल शिक्षक संघ पर्साका अध्यक्ष प्रदीप जयसवाल लगायतको उपस्थिति थियो ।




# कांग्रेस र एसका नेतामाथि कुटपिटविरुद्ध ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस र नेकपा एस जिल्ला कमिटी बाराले बुधबार बारा प्रहरीको दुव्र्यवहारविरुद्ध प्रमुख जिल्ला अधिकारी नवराज सापकोटालाई ज्ञापनपत्र बुझाएको छ । बारा प्रहरीले मंगलबार राति नेपाली कांग्रेस जिल्ला सचिव भैयाराम यादव एवम् नेकपा एसका उपसचिव ध्रुव यादवलाई जिल्ला प्रहरी कार्यालयमा अमानवीय ढंगले कुटपिट गरेको घटनाविरुद्ध नेपाली कांग्रेस जिल्ला कार्यसमिति बारा र नेकपा एसद्वारा दोषी प्रहरीलाई तत्काल निलम्बन गर्न माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको हो ।
ज्ञापनपत्रमा जिल्ला प्रहरी कार्यालय बाराका डिएसपी पुरुषोत्तम पाण्डे र इन्स्पेक्टर रुपेश साहलाई निलम्बन गर्न माग गरिएको छ ।

# विपीको सम्मानमा १५,००० बिरुवा रोपिने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका संस्थापक नेता स्वर्गीय विश्वेश्वर प्रसाद कोइरालाको ४१ औँ स्मृति दिवसको अवसरमा नेपाली कांग्रेस पर्साले १५ हजार बिरुवा रोप्ने निर्णय गरेको छ । कोइरालाको ४१ औँ स्मृति दिवसमा कांग्रेसले साउन ६ गते पर्साका सबै १ सय १२ वडामा १५ हजार विरुवा रोप्ने निर्णय गरेको हो ।
पर्सा कांग्रेसले विपी स्मृति दिवस सप्ताहव्यापीरुपमा मनाउने निर्णय गरेको पार्टी कार्यालयमा आयोजित भेलामा उपसभापति रामनारायण कुर्मीले जानकारी दिए । साउन ६ गते जिल्लाका १४ वटा पालिकाका १ सय १२ वडामा वृक्षारोपण, साउन ७ गतेदेखि हरेक वडामा संगठन सुदृढिकरण अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ । नेपाली कांग्रेस पर्साका सभापति जनाद्र्धन सिंह क्षेत्रीको अध्यक्षतामा सम्पन्न बैठकमा प्रदेश सभा सदस्य श्याम पटेल, पर्साका उपसभापति रामनारायण कुर्मी र अशोक गुप्ता, जिल्ला सचिव दिनेश चौधरी, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, सहसचिव नवीन सिंह, कोषाध्यक्ष प्रेम बहादुर थापा, जिल्ला सदस्य श्याम कुमार पोखरेल, धुरव नेपाल, प्रकाश कुमार उपाध्याय, द्वारिका महतो, जितेन्द्र ढकाल, जगत राउत कुर्मी, माधव प्रसाद राउत, फजिल मिया, शैलेन्दर कुमार यादवलगायतको सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन